का.जि.प्र.का.द.नं. १००/०५९/६०

१५ मंसिर २०८१,
शनिबार
30 November, 2024
Saturday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

वर्ष २२, अंक २८१ । पृष्ठ ८ Madhyanha National Daily www.madhyanhadaily.com



# क्रिकेटको कुम्भ

## ८ फ्रेन्चाइज टिम, ४० विदेशी खेलाडी

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १४ मंसिर ।

नेपाल क्रिकेट संघ (क्यान)ले आयोजना गरेको पहिलो संस्करणको नेपाल प्रिमियर लिग (एनपीएल) शनिबारदेखि सुरु हुँदै छ । कीर्तिपुर स्थित त्रिवि क्रिकेट मैदानमा एनपीएलको भव्य शुभारम्भ हुँदै छ ।

उद्घाटन खेल विराटनगर किंग्स र जनकपुर बोल्ट्सबीच हुने छ । घरेलु क्रिकेटको सबैभन्दा ठूलो प्रतियोगिता एनपीएलमा ८ फ्रेन्चाइज टिम छन् ।

विराटनगर किंग्स, जनकपुर बोल्ट्स, चितवन पृष्ठ २ मा

प्रतियोगितामा विश्वकपसहितका उच्चस्तरीय प्रतियोगिता खेलेका चर्चित स्वदेशी तथा विदेशी खेलाडी विभिन्न टिमबाट खेल्दै छन् । हरेक टिममा न्यूनतम ४ देखि अधिकतम ६ जनासम्म विदेशी खेलाडी छन्

### विदेशी खेलाडी

प्रतियोगितामा विश्वकपसहितका उच्चस्तरीय प्रतियोगिता खेलेका चर्चित स्वदेशी तथा विदेशी खेलाडी विभिन्न टिमबाट मैदानमा उत्रँदै छन् । हरेक टिममा न्यूनतम ४ देखि अधिकतम ६ जनासम्म विदेशी पृष्ठ २ मा

### अर्बौं लगानी

एनपीएलमा यस पटक लगानी धेरै भएको छ । फ्रेन्चाइज टिम किन्नकै लागि ३ करोड रुपैयाँसम्म खर्च भएको छ । पोखरा एभेन्जर्सले ३ करोड ५७ लाख रुपैयाँमा फ्रेन्चाइज किनेको थियो । यस्तै, कम खर्च पृष्ठ २ मा

### ६ विदेशी कमेन्टेटर

एनपीएलका लागि ६ जना विदेशी कमेन्टेटर तोकिएका छन् ।

अमेरिकाका एन्ड्रयु लेनर्ड नेपाली क्रिकेटका चर्चित कमेन्टेटर हुन् । उनले नेपालका अधिकांश पृष्ठ २ मा

# वैद्यको पार्टीमा जनयुद्धको समीक्षा !

मोहन वैद्य “किरण” पुष्पकमल दाहाल “प्रचण्ड”का राजनीतिक गुरु हुन् । यी २ सहितका नेताले २०५२ फागुनदेखि १० वर्षे सशस्त्र युद्ध गरे । तर, २०८१ सालमा उनै प्रचण्डका गुरुको पार्टीमा जनयुद्धको समीक्षा गरिँदै छ

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, १३ मंसिर ।

क्रान्तिकारी कम्युनिस्ट पार्टीमा जनयुद्धको समीक्षा हुने भएको छ । यो पार्टीको नेतृत्वमा मोहन वैद्य ‘किरण’ छन् । वैद्य पुष्पकमल दाहाल ‘प्रचण्ड’का राजनीतिक गुरु हुन् । यी २ सहितका नेताले २०५२ फागुनदेखि १० वर्षे सशस्त्र युद्ध गरे । तर, २०८१ सालमा उनै प्रचण्डका गुरुको पार्टीमा जनयुद्धको समीक्षा गरिँदै छ ।

क्रान्तिकारी कम्युनिस्ट पार्टी एकताको महाधिवेशनमा छ । महाधिवेशनअन्तर्गत शुक्रबारदेखि सुरु भएको बन्द सत्रमा पार्टीका संयोजक वैद्यले मूल राजनीतिक



दस्तावेज पेस गर्दै जनयुद्धको समयमा केही कमीकमजोरी भएको स्वीकार गरे । त्यसको समीक्षा विगतमा पनि गरिएको उनले बताए ।

तर, जनयुद्धको समयमा भएका गलत कार्य र अराजकताको विषयमा बृहत् समीक्षा आवश्यक रहेको भनेर अर्को पक्षमा नेताहरूले फरक प्रस्तावको तयारी गरेका छन् ।

नेताहरूका अनुसार क्रान्तिकारी कम्युनिस्ट पार्टीमा २ धार छन् । एउटा पूर्वमाओवादी र अर्को पूर्वमसाल पृष्ठभूमिका नेता कार्यकर्ताहरू छन् । यी २ पृष्ठभूमिका नेता, कार्यकर्ताहरू रहेको पार्टीमा जनयुद्धको थप समीक्षा आवश्यक रहेको भनेर नेताहरूले फरक प्रस्तावको तयारी गरेका हुन् । यस्तो तयारी पूर्वमसाल पृष्ठभूमिका नेताहरूले गरेका हुन् ।

वैद्य नेतृत्वको क्रान्तिकारी कम्युनिस्ट पार्टीसँग नेत्रविक्रम चन्द नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीबाट आएका नेकपा बहुमत र नेकपा मसालबाट फुटेर आएका सन्तबहादुर नेपाली समूहसँग एकता भएपछिको महाधिवेशन भएकाले एकताको महाधिवेशन नाम दिइएको छ ।

नेकपा बहुमतको एक पक्ष धमेन्द्र बाँस्तोलाको नेतृत्वमा विभाजन भएर नेकपा बहुमत पार्टी गठन गरेका छन् । हेमन्तप्रकाश वलीको नेतृत्वमा एउटा टिम क्रान्तिकारी कम्युनिस्ट पार्टीमा छ ।

मोहनविक्रम नेतृत्वको नेकपा मसालबाट विद्रोह गरेकाहरूले पनि क्रान्तिकारी पृष्ठ २ मा

### आँखीझ्याल



दुर्घटनामा ५ जनाको मृत्यु



कथा : रहर



नेपाल श्रीलंकासँग ५५ रनले पराजित



तबलामा चम्केका भुवन

# ६ वर्षसम्म अधुरै कर्णालीको साक्षरता अभियान

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, १४ मंसिर ।

कर्णाली प्रदेश सरकारले ६ वर्षअघि प्रदेशलाई साक्षर घोषणा गर्ने अभियानको थालनी गरेको थियो । आर्थिक वर्ष २०७५/०७६ को नीति तथा कार्यक्रममा ३ वर्षभित्र ‘साक्षर कर्णाली प्रदेश’ घोषणा गर्ने अभियान थालेको थियो । तर, अभियान थालनी भएको ६ वर्ष बितिसक्दा पनि कर्णाली साक्षर प्रदेश घोषणा हुन सकेको छैन ।

साक्षर घोषणा अभियानको सुरुवात तत्कालीन सामाजिक विकासमन्त्री दल रावलले गरेका थिए । तर ६ वर्ष बितिसक्दा पनि प्रदेश साक्षर घोषणा नहुँदा कर्णालीमा संचालन गरिने विभिन्न अभियान कागजमै सीमित हुने गरेको प्रस्ट देखिएको पृष्ठ २ मा

उतिबेलै प्रदेश सरकारले ३ वर्षभित्रै साक्षर प्रदेश घोषणा गर्ने अभियान थालेको थियो तर स्थानीय सरकार नै त्यति अग्रसर हुन सकेनन्

■ **सुवर्णकुमार खड्का**
**शैक्षिक महाशाखा प्रमुख**

### २ जिल्ला साक्षर घोषणा हुन बाँकी

आर्थिक वर्ष २०७५/०७६ का लागि नीति तथा कार्यक्रम कार्यान्वयनका लागि प्रदेशसभामा बजेट प्रस्तुत गर्दै तत्कालीन आर्थिक मामिला तथा योजनामन्त्री प्रकाश ज्वालाले साक्षर घोषणाका लागि स्थानीय तहसँग समन्वय गरी ‘कार्य मोडालिटी’ निर्माण गरिने जनाएका थिए । उतिबेला ज्वालाले भनेका पृष्ठ २ मा

### मन्त्रालयको खेलाँची

साक्षर प्रदेश घोषणाका लागि प्रदेश सरकारस्थित सामाजिक विकास मन्त्रालयले आ. व. २०७५/०७६ देखि निरन्तर बजेट विनियोजन गरिरहेको बताएको छ । तर, आर्थिक वर्ष २०७९/०८० र २०८०/०८१ मा भने प्रदेश सरकारले यी २ वर्षमा कुनै पनि बजेट विनियोजन गरेको पाइएन ।

आर्थिक वर्ष २०७५/०७६ को नीति तथा कार्यक्रममा प्रदेश सरकारले २ करोड रुपैयाँ बजेट विनियोजन गरेको थियो । तर, आर्थिक वर्ष २०७९/०८० र २०८०/०८१ म भने प्रदेश सरकारले साक्षर घोषणा अभियानका लागि कुनै पनि बजेट विनियोजन नगरेको सामाजिक विकास मन्त्रालयका एक कर्मचारीले बताए । यता, सामाजिक विकास मन्त्रालय शैक्षिक महाशाखा प्रमुख सुवर्णकुमार खड्काले पनि २ वर्ष विविध कारणवश बजेट विनियोजन गर्न नसकिएको बताए ।

**वैदेशिक रोजगार विशेष**

# श्रम स्वीकृति र स्वास्थ्य परीक्षण भैरहवाबाटै

**मध्यान्ह संवाददाता**
लुम्बिनी, १४ मंसिर ।

मुख्यमन्त्री चेतनारायण आचार्यले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल नियमित रूपमा संचालन गर्न पर्यटक तथा चालक दलका सदस्यसहित अन्य व्यक्तिको प्रवेशाज्ञा, श्रम स्वीकृति र स्वास्थ्य परीक्षणलगायत प्रक्रियागत काम यहीँबाट सम्पादन गर्न प्रदेश सरकारले प्रयास थालेको बताएका छन् ।

‘गौतमबुद्ध विमानस्थलको दिगो संचालन, लगानी र सम्भावना’ विषयमा भैरहवामा भएको छलफलमा मुख्यमन्त्री आचार्यले विमानस्थलमा हुने अन्तर्राष्ट्रिय उडानले बुटवल र भैरहवा मात्र नभई लुम्बिनीवासीमा उत्साह भरेको बताउँदै संघीय सरकारलाई यहीँबाट प्रक्रियागत सबै काम सम्पादन गर्ने अधिकार प्रत्यायोजन गर्न आग्रह गरे ।

विमानस्थल संचालन भएपछि लगानीको वातावरण बनेको बताउँदै मुख्यमन्त्री आचार्यले उद्यमी, व्यवसायीलाई ढुक्क भएर लगानी गर्न पनि आह्वान गरे । साथै, उनले लगानीमैत्री वातावरण निर्माणमा बाधक कानुन संशोधन गर्न आफू तयार रहेको जानकारी दिए ।

### बेलायतमा कामदारमाथि शोषण

**मध्यान्ह संवाददाता**
लन्डन, १४ मंसिर ।

मानवअधिकारका दृष्टिकोणले कमजोर खाडी मुलुकमा कामदारमाथि शोषण हुने चर्चा नौलो होइन । तर, मानवअधिकारका दृष्टिकोणले अब्बल मानिएको बेलायतमा नै हेरचाह अर्थात् केयर गिभरको रोजगारीमा रहेका आप्रवासी कामदारमाथि लाजमर्दो प्रकृतिका शोषण देखिएका छन् ।

बेलायतले विदेशी कामदारहरूको शोषण गर्ने रोजगारदाताहरू विरुद्ध बिहीबार कडा प्रतिबन्ध लगाएको सार्वजनिक गरेपछि आप्रवासी कामदारमाथिको अन्याय र शोषण सतहमा आएको छ । बेलायत सरकारले गरेको अनुसन्धानपछि विशेषगरी सामाजिक हेरचाह क्षेत्रमा दुर्व्यवहार देखाउने घटना व्यापक रूपमा देखिएको हो । पृष्ठ २ मा

# चिनियाँ विदेशमन्त्रीलाई नेपाल भ्रमणको निम्तो


**काठमाडौं/मस–** परराष्ट्रमन्त्री डा आरजु राणा देउवा र चिनियाँ विदेशमन्त्री वाङ यीबीच द्विपक्षीय भेटवार्ता भएको छ। चीनको छन्दु शहरमा शुक्रबार अपराह्न उनीहरूबीच वार्ता भएको हो ।

चिनियाँ विदेशमन्त्री वाङ यीको मैत्रीपूर्ण निमन्त्रणामा चीनको औपचारिक भ्रमण गर्न तथा प्रधानमन्त्री केपी शर्मा ओलीको आसन्न चीन भ्रमणको तयारीका सिलसिलामा मन्त्री डा राणा बिहीबार त्यसतर्फ गएकी हुन् ।

उनीहरूबीच नेपाल चीन सम्बन्धका विविध पक्ष, आपसी हित र साझा चासोका साथै प्रधानमन्त्री केपी शर्मा ओलीको आसन्न चीन भ्रमण र त्यस अवसरमा हुने दुई देशबीचको सहयोग आदानप्रदानका विषयमा कुराकानी भएको थियो ।

सो भेटवार्ताका क्रममा परराष्ट्रमन्त्री डा राणाले चिनियाँ विदेशमन्त्री वाङ यीलाई नेपाल भ्रमणका लागि निमन्त्रणा पनि दिएकी थिइन् । वार्ताका क्रममा चीनको ७५औं स्थापना दिवस र आगामी वर्ष नेपाल चीन कूटनीतिक सम्बन्ध स्थापनाको ७०औं वार्षिकोत्सवका अवसरमा विदेशमन्त्री वाङमार्फत् चीन सरकार र चिनियाँ नागरिकलाई मन्त्री डा राणाले बधाई ज्ञापन गरेकी थिइन् ।

मन्त्री डा राणाले पछिल्लो समय नेपाल चीन सम्बन्धमा उल्लेखनीय उपलब्धिहरू हासिल भएका र यसका कारण सम्बन्ध थप बलियो बन्दै गएको बताउँदै चीन सरकारले चीन भ्रमण गर्ने नेपाली नागरिकहरूलाई हालै भिसा शुल्क नलाग्ने घोषणा गरेकोमा चीन सरकारलाई धन्यवाद दिइन् ।



त्यसैगरी नेपाल-चीनबीचका सबै परम्परागत सीमा नाका पुनः नियमित रूपमा सञ्चालनमा आइसकेका र त्यहाँ दुवै देशका नागरिक, सामान र सेवाहरूको सीमापार आवागमन निर्वाध बनेकाले यसलाई थप सहज एवं प्रभावकारी बनाउन दुवै पक्षबाट महत्वपूर्ण योगदान पुग्ने विश्वास गरिएको उनले बताइन् ।

पछिल्ला समयमा नेपाल र चीनबीच उच्चस्तरीय भ्रमणहरूको आदानप्रदान भइरहेको र यी भ्रमणहरूले हाम्रो निकट तथा मैत्रीपूर्ण सम्बन्धलाई सधैं सुदृढ बनाउँदै नयाँ गति प्रदान गर्दै लैजाने विश्वास उनले व्यक्त गरिन् ।

सो वार्ताका क्रममा प्रधानमन्त्री ओलीको आसन्न चीन भ्रमणका क्रममा समझदारी एवम् सम्झौता हुने विभिन्न आयोजना एवं सहयोग आदानप्रदानबारे पनि आवश्यक छलफल भएको थियो ।

त्यस अवसरमा प्रधानमन्त्री ओलीको चीन भ्रमणले नेपाल चीनबीच लामो समयदेखि रही आएको मैत्रीपूर्ण सम्बन्ध थप प्रगाढ बन्ने विश्वास गरिएको उनले बताइन् । प्रधानमन्त्री ओली आगामी सोमबार चीनको औपचारिक भ्रमणमा जाँदै छन् ।

सो भेटपछि परराष्ट्रमन्त्री डा राणाले चिनियाँ विदेशमन्त्रीसँगको द्विपक्षीय भेटवार्ताले नेपाल चीन सम्बन्धमा नयाँ उचाइ थपेको र दुई देशबीचको सम्बन्धलाई थप बलियो बनाउन सहयोग पुगेको बताइन् ।

भेटका क्रममा दुई देशबीचको सदियौं पुरानो सम्बन्ध, नेपालको आर्थिक सामाजिकलगायतका क्षेत्रमा चीनले पुऱ्याउँदै आएको सहयोग, आगामी दिनमा पनि सहयोग र सहकार्यका नयाँ क्षेत्रहरूको पहिचानका साथै आर्थिक विकासका लागि सहकार्यलाई प्राथमिकता दिने बारेमा कुराकानी भएको थियो ।

सो वार्तामा मन्त्री डा राणाको नेतृत्वमा चीनका लागि नेपाली राजदूत डा कृष्णप्रसाद ओली, चीनको छन्दुस्थित नेपाली महावाणिज्यदूत र परराष्ट्र मन्त्रालयका अधिकारीहरू सहभागी थिए ।

यसैबीच शुक्रबार साँझ नै चिनियाँ विदेशमन्त्री वाङले मन्त्री डा राणा र नेपाली प्रतिनिधिमण्डलको सम्मानमा रात्रिभोजको आयोजना गरेका थिए । सो भोजमा सहभागी हुँदै मन्त्री डा राणाले प्रधानमन्त्री ओली र आफूलाई चीन भ्रमणको निमन्त्रणा गरेकामा चीन सरकार र चिनियाँ जनतालाई धन्यवाद दिइन् । त्यस अवसरमा उनले दुई देशबीच सरकारस्तरमा मात्र नभएर जनता जनताबीच धेरै पुरानो र सुमधुर सम्बन्ध रही आएको चर्चा गरिन् ।

## दुर्घटनामा ५ जनाको मृत्यु



**रामेछाप/मस–** रामेछापमा गाडी दुर्घटना हुँदा वडाध्यक्षसहित ५ जनाको मृत्यु भएको छ। रामेछापको गोकुलगंगा गाउँपालिका-६ सिमलडाँडामा शुक्रबार दिउँसो ना १ ज ७१२३ नम्बरको गाडी दुर्घटना हुँदा पाँच जनाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रामेछापका निमित्त प्रवक्ता इन्स्पेक्टर विक्रम खड्काले जानकारी दिए ।

उनकाअनुसार दुर्घटनामा मृत्युहरूमा गोकुलगङ्गा-४ बेतालीका वडाध्यक्ष ४५ वर्षीय रामचन्द्र बस्नेत छन् । जिप चालक मन्थली नगरपालिका-१० का ३५ वर्षीय चालक हिराबहादुर कार्की, गोकुलगंगा-५ की ३० वर्षीया कविता कार्की र उनकी सात वर्षीया छोरी स्वस्तिका खड्काको समेत मृत्यु भएको छ। मृतक अन्य एक जनाको सनाखत भएको छैन । वडाध्यक्ष बस्नेत नेपाली कांग्रेसबाट निर्वाचित थिए ।

दुर्घटनामा तीन जना घाइते भएका छन् । उनीहरूको अवस्था सामान्य छ। घाइतेहरूलाई जिल्ला अस्पताल मन्थली पठाइएको छ । गाडी आफै अनियन्त्रित भएर सडकबाट तीन सय मिटर तल खसेको थियो ।

## कोशीको भौतिक संरचना पुनः निर्माण कार्यविधि स्वीकृत

**विराटनगर/मस–** कोशी प्रदेश सरकारले भौतिक संरचना पुनः निर्माण एवं मर्मत सम्भार सञ्चालन कार्यविधि, २०८१ लाई स्वीकृत गरेको छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को शुक्रवार बसेको बैठकले गत असोज ९ गतेदेखि १२ गतेसम्म परेको अविरल वर्षाका कारण क्षति भएका भौतिक संरचना पुनः निर्माण एवं मर्मत सम्भार सञ्चालन कार्यविधि स्वीकृत गरेको हो ।

उद्योग, कृषि तथा सहकारी मन्त्रालयमार्फत आएको रकम रकमान्तर प्रस्ताव स्वीकृत गरेको सरकारका प्रवक्ता एवं पूर्वाधार विकासमन्त्री भूपेन्द्र राईले जानकारी दिए ।

बैठकले खानेपानी तथा ऊर्जा मन्त्रालयमार्फत आएका सुक्खा राहत स्यालो ट्युबेल सिँचाइ विशेष कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ लाई स्वीकृत गर्नुका साथै उक्त योजनाको सम्झौतामा हस्ताक्षर गर्न सोही मन्त्रालयका सचिवलाई कार्य जिम्मेवारी तोक्ने



निर्णय भएको सरकारका प्रवक्ता राईले बताए ।

यसैगरी, बैठकले प्रदेश सरकारले पर्यटन, वन तथा वातावरण मन्त्रालयमार्फत केचना-कञ्चनजङ्घा पर्यटन विकास समिति गठन, २०८१ सम्बन्धी आएको प्रस्तावलाई स्वीकृत गरेको प्रवक्ता राईले बताए ।

### क्रिकेटको...

राइनोज, काठमाडौं गुर्खाज, पोखरा एभेन्जर्स, कर्णाली याक्स, लुम्बिनी लायन्स र सुदूरपश्चिम रोयल्सले उपाधिका लागि प्रतिस्पर्धा गर्ने छन् ।

प्रतियोगितामा विश्वकपसहितका उच्चस्तरीय प्रतियोगिता खेलेका चर्चित स्वदेशी तथा विदेशी खेलाडी विभिन्न टिमबाट खेल्दै छन् । हरेक टिममा न्यूनतम ४ देखि अधिकतम ६ जनासम्म विदेशी खेलाडी छन् ।

१५ देशका ४० जना विदेशी खेलाडीहरू एनपीएलका लागि अनुबन्धित छन् । तीमध्ये ११ देशका २७ जना विदेशी खेलाडी नेपाल आइसकेका छन् ।

घरेलु मैदानमा मात्र नभई अन्तर्राष्ट्रिय मैदानमा पनि तहल्का मच्चाउन सफल नेपाली खेलाडीसँगै विदेशी खेलाडीलाई अनुबन्ध गरेर टोलीहरू बलियो देखिने होडमा छन् ।

विदेशी खेलाडीको चर्चासँगै नेपाली खेलाडीको प्रदर्शन कस्तो रहला भन्ने जिज्ञासा क्रिकेट समर्थकहरूमा छ । क्यानले पहिलो पटक आयोजना गर्न लागेको एनपीएलका लागि आयोजक मात्र होइन, खेलाडी र समर्थक पनि निकै उत्साहित छन् ।

शनिबार हुने उद्घाटन खेलका लागि करिब १० हजार टिकट विक्री भइसकेको छ । उद्घाटन खेलका लागि भीआईपीतर्फ ६०० र साधारणतर्फ ९ हजार २०० टिकट विक्री भइसकेको छ ।

### विदेशी...

खेलाडी रहने जनाइएको छ। पोखरा एभेन्जर्सले ४ विदेशी खेलाडी अनुबन्ध गरेको छ । एनपीएलका लागि पोखराले १० करोड रुपैयाँ लगानी गरेको छ । पोखरा एभेन्जर्समा कुशल भुर्तेलको कप्तानी रहने छ ।

पोखराको टिममा सागर ढकाल, आकाश चन्द, किरणकुमार ठगुन्ना, नारायण जोशी, विपीन खत्री, दिलीप नाथ, त्रितराज दास, सुनाम गौतम, दिनेश खरेल, अमृत गुरुङ, आन्द्रेस गौस (अमेरिका), बास डे लिडे (नेदरल्यान्ड्स), म्याट क्रिचली (इंग्ल्यान्ड), रेमन राइफर (वेस्टइन्डिज), माइकल लिस्क (स्कटल्यान्ड), सुदीप आर्याल (आइकोनिक) खेलाडी छन् । पोखरा एभेन्जर्सले राजीव कुमारलाई प्रशिक्षक बनाएको छ ।

जनकपुर बोल्ट्समा आसिफ शेख मार्की खेलाडी तथा ललित राजवंशी, अनिलकुमार साह, रूपेश सिंह, किशोर महतो, आकाश त्रिपाठी, शुभ कङ्साकर, शेर मल्ल, हेमन्त धामी, अरनिकोप्रसाद यादव, तुलबहादुर थापामगर, जिमी निशम (न्युजिल्यान्ड), जोसुआ ट्रम्प (अमेरिका), सोएब मक्सुद (पाकिस्तान), मोहमद मोहसिन (पाकिस्तान), लाहिरु मिलन्था (अमेरिका) र प्रशिक्षक पुबुदु दासानायके छन् ।

यस्तै, विराटनगर किंग्समा सन्दीप लामिछानेको कप्तानी रहेको छ। विराटनगरमा लोकेश बम, प्रतिश जी. सी., बसिर अहमद, राजेश पुलामी मगर, जितेन्द्रकुमार मुखिया, अनिल खरेल, दीपक बोहरा, सुभाष भण्डारी, नरेन भट्ट, मुनाल गुरुङ, अकिब इल्यास (ओमान), मार्टिन गप्टिल (न्युजिल्यान्ड), निकोलास किर्टन (क्यानाडा), क्रिस सोल (स्कटल्यान्ड), इस्मल आलम (अफगानिस्तान) छन् भने प्रशिक्षक केभिन ओ ब्राइन छन् ।

लुम्बिनी लायन्समा नेपालका कप्तान रोहितकुमार पौडेल मार्की खेलाडी छन् । उनका साथै सूर्य तामाङ, विवेक यादव, सन्दीप जोरा, आशुतोष घिरैया, तिलकराज भण्डारी, दुर्गेश गुप्ता, अर्जुन साउद, दिनेश अधिकारी, अभिषेश गौतम, विकाश अग्री, बेन कटिङ (अस्ट्रेलिया), उन्मुक्त चन्द (अमेरिका), टम मुर्स (इंग्ल्यान्ड), रेमन सिमन्ड्स (वेस्टइन्डिज), सादबिन जफर (क्यानाडा), आरिफ शान (आइकोनिक) छन् । प्रशिक्षक नन्दन फाडनिस छन् ।

चितवन राइनोजमा कुशल मल्ल मार्की खेलाडी रहेका छन् । रिजन ढकाल, कमलसिंह ऐरी, शरद् भेषावकर, विपीन रावल, सन्तोष कार्की, दीपेश श्रेष्ठ, अमरसिंह रटैला, दीपक बोहरा, रञ्जितकुमार, गौतम के. सी., रवि बोपारा (इंग्ल्यान्ड), मार्चन्ड डे लांग (दक्षिण अफ्रिका) (चोटले अनुपस्थित हुने), हसन इसाखिल (अफगानिस्तान), जान निकोल लोफ्टी इटन (नामिबिया), ल्युक मार्टिन बेनकेन्स्टाईन (इंग्ल्यान्ड), सलाहुद्दिन खान (आइकोनिक) खेलाडी तथा उमेश पटवाल प्रशिक्षक छन् ।

करण के. सी.को कप्तानीमा रहेको टिम काठमाडौंमा शाहब आलम, भीम सार्की, रसिद खान, शंकर राना, दीपेशप्रसाद कँडेल, सुमित महर्जन, कृष्ण कार्की, विवेक के. सी., प्रतीक श्रेष्ठ, राजु रिजाल, नेथन सोउटर (इंग्ल्यान्ड), स्टेफन इस्किनाजी (इंग्ल्यान्ड), ड्यान डौथवेट (इंग्ल्यान्ड), माइकल लेभिट (नेदरल्यान्ड्स), जेहार्ड एरासमस (नामिबिया), कृष कार्की (आइकोनिक) छन् । वसन्त शाही काठमाडौंका प्रशिक्षक छन् ।

दीपेन्द्रसिंह ऐरीको कप्तानी रहेको सुदूरपश्चिम रोयल्समा आरिफ शेख, अभिनाष बोहरा, विनोद भण्डारी, इशान पाण्डे, अर्जुन कुमाल, खडकबहादुर बोहरा, नरेश बुढाऐर, भोजराज भट्ट, अमित श्रेष्ठ, नरेन साउद, ब्रान्डन मक्मलेन (स्कटल्यान्ड), सेफ अली जेब (इंग्ल्यान्ड), स्कट कुगेलेइन (न्युजिल्यान्ड), रोहन मुस्तफा (यूएई), वसन्त खत्री (आइकोनिक) खेलाडी छन् ।

यसैगरी कर्णाली याक्समा सोमपाल कामी मार्की खेलाडी छन् । गुलशनकुमार झा, नन्दन यादव, मौसम ढकाल, अर्जुन घर्ती, देव खनाल, रीत गौतम, भुवन कार्की, दीपेन्द्र रावत, दीपक डुम्रे, युनिसविक्रमसिंह ठकुरी, शिखर धवन (भारत), हुनेस तलात (पाकिस्तान), बाबर हायत (हङकङ), चाडविक वाल्टन (वेस्टइन्डिज), जिसान मक्सुद (ओमान), विपीन शर्मा (आइकोनिक) तथा ज्ञानेन्द्र मल्ल प्रशिक्षक छन् ।

### अर्बौं...

गर्नेले पनि १ करोड रुपैयाँभन्दा माथि रकम फ्रेन्चाइज फि तिरेका छन् ।

यसबाहेक मार्की खेलाडीलाई २० लाख, खेलाडी अक्सनमा गरेको खर्च, विदेशी खेलाडीको खर्च र अन्य खर्च गरेर एक फ्रेन्चाइजले कम्तीमा ७ देखि १० करोड रुपैयाँसम्म खर्च गरेका छन् । ८ टिमले टिम लिन मात्र करिब १७ करोड रुपैयाँ क्यानलाई बुझाएका छन् ।

यसबाहेक एनपीएलको मुख्य प्रायोजकको रूपमा क्यानले सिद्धार्थ बैंकसँग ५ वर्षका लागि सम्झौता गरेको छ। सम्झौता रकम नखुलाइए पनि यो नेपाली खेलकुदमा अहिलेसम्म भएकोमध्ये सबैभन्दा ठूलो रकम भनेर क्यानले दाबी गरेको छ । एनपीएल ३ साता चल्ने भए पनि आर्थिक रूपमा १ अर्ब रुपैयाँभन्दा बढी कारोबार हुने छ ।

### ६ विदेशी...

खेलहरूमा कमेन्ट्री गर्दै आएका छन् । एन्ड्रयुसहित एचडी अकरम्यान, ड्यारेन गौफ, श्रीधरण श्रीराम, मोनाली पटेल र मिखाइल वासवानीलाई क्यानले कमेन्ट्रीका लागि निम्त्याएको छ ।

#### डिजिटल स्कोर बोर्ड

त्रिवि क्रिकेट मैदानमा पहिलो पटक डिजिटल स्कोर बोर्ड जडान गरिएको छ। अब खेलाडी टिम र समर्थकहरूलाई पनि त्रिवि मैदानमा ठूलो स्क्रिनमा खेलको स्कोर र अपडेटहरू हेर्न सहज हुने छ। यसअघि स्कोररले नै खेलको स्कोर अपडेट गर्दै आएकामा अब डिजिटल रूपमै स्कोर अपडेट हुने छ ।

#### फ्यान जोन र भीआईपी टिकट

यस पटक समर्थकहरूको सुविधालाई लक्षित गर्दै मैदानमा विभिन्न सुविधाहरू थप गरिएको छ । दर्शकहरूलाई यसअघिको जस्तो कठिन नहोस् भनेर फ्यान जोन छुट्याइएको छ। हरेक फ्यान जोनको फरक टिकट तोकिएको छ । दर्शकले जुन जोनको टिकट काट्ने छन्, त्यही जोनबाट भित्र पस्ने र बाहिरिने गर्नुपर्छ ।

यस्तै, हरेक जोनको बाहिर दर्शकहरूका लागि महिला र पुरुषका लागि अस्थायी शौचालको व्यवस्था गरिएको छ ।

#### ६२ लाखको कार

उत्कृष्ट नेपाली खेलाडीले ६२ लाख रुपैयाँको कार पाउने छन् । नेपाली क्रिकेट र खेलकुदको इतिहासमै उत्कृष्ट खेलाडीले पहिलो पटक कार पाउन लागेका हुन् ।

त्यसका लगि क्यानले ओमोडा एन्ड जेइकोसँग सम्झौता नै गरेको छ । सम्झौताअनुसार एनपीएलमा उत्कृष्ट हुने नेपाली खेलाडीले लिग सकिएपछि ६२ लाख रुपैयाँ बराबरको ओमोडा इ ५ कार प्राप्त गर्ने छन् ।

**सहभागी टोली :** विराटनगर किंग्स, जनकपुर बोल्ट्स, चितवन राइनोज, काठमाडौं गुर्खाज, पोखरा एभेन्जर्स, लुम्बिनी लायन्स, कर्णाली याक्स र सुदूरपश्चिम रोयल्स

**खेल हुने स्थान :** कीर्तिपुरस्थित त्रिवि मैदान

**नेपाली खेलाडी संख्या :** ८ टोलीका १/१ मार्की खेलाडी (८), अक्सनबाट १०/१० खेलाडी (८०) र ट्यालेन्ट हन्टबाट १/१ आइकोनिक खेलाडी (८), जम्मा : ९६ नेपाली खेलाडी

**विदेशी खेलाडी :** प्रत्येक टोलीमा कम्तीमा ४ र बढीमा ६ खेलाडी (४० खेलाडी आबद्ध, १ टोली ४ जना खेलाडी प्लेइङ- ११ मा राख्न पाउने प्रावधान)

**नेपाली खेलाडीको पारिश्रमिक :** मार्कीको २० लाख, अक्सनबाट छानिएका खेलाडीको बढीमा १५ र घटीमा २ लाख

**विदेशी खेलाडीको पारिश्रमिक :** कर्णालीका शिखर धवनको १ खेलको ३० हजार डलर, अधिकांश खेलाडीको पारिश्रमिक खुलाइएको छैन

### वैद्यको...

कम्युनिस्ट पार्टीसँग एकता गरेका छन् । विभिन्न समयमा मसालबाट विभाजन भएकाहरूले वैद्यसँग एकता गर्दै आएका हुन् । त्यसमा नेताहरूमा परि थापा, रामसिंह श्रीष, रामबहादुर बुढा, सन्तबहादुर नेपालीलगायत छन् ।

नेताहरूका अनुसार जनयुद्धमा भएको कमीकमजोरीबारे समीक्षा गरिनुपर्ने प्रस्तावका पक्षमा कसैको विमति छैन । तर, पूर्वमाओवादी पृष्ठभूमिका नेताहरू विगतमा समीक्षा भइसकेको तर्क गरिरहेका छन् भने पूर्वमसाल पृष्ठभूमिका नेता, कार्यकर्ताहरू फेरि समीक्षा गरेर अगाडि बढ्नुपर्ने पक्षमा छन् ।

मोहन वैद्य 'किरण' २०५२ सालदेखि १० वर्षसम्म चलेको सशस्त्र युद्धका एक प्रमुख नेता हुन् । जनयुद्ध सुरु गर्ने निर्णय गर्दा माओवादीमा १९ सदस्यीय केन्द्रीय समिति थियो, जसको एक प्रमुख नेता हुन वैद्य । शान्ति प्रक्रिया पछाडि पनि २०६९ सालसम्म वैद्य प्रचण्ड, डा. बाबुराम भट्टराईसहितको माओवादीमै थिए ।

२०६९ सालमा तत्कालीन एकीकृत माओवादीबाट अलग भएर वैद्यले नयाँ पार्टी बनाए । त्यसयता साना कम्युनिस्ट पार्टीहरूसँग एकतासमेत गर्दै वैद्य नेतृत्व पार्टी अगाडि बढिरहेको छ । पूर्वमसाल पृष्ठभूमिका नेताहरूको पार्टीसँग एकता गरेपछिको एकता महाधिवेशनमा जनयुद्धको समीक्षा हुन लागेको हो ।

### ६ वर्षसम्म...

छ । आर्थिक वर्ष २०७५/०७६ को नीति तथा कार्यक्रममा ३ वर्षभित्र कर्णाली प्रदेशलाई साक्षर घोषणा गर्ने अभियानका साथ प्रदेश सरकारले २ करोड रुपैयाँ बजेटसमेत विनियोजन गरेको थियो। अभियान सुरु भएको पहिलो वर्ष प्रदेश सरकारले प्रदेशका स्थानीय तहलाई प्रोत्साहन स्वरूप १ करोड ७० लाख रुपैयाँ बजेट दिएको थियो । पुनः आर्थिक वर्ष २०७६/०७७ मा प्रदेश सरकारले २ वर्षभित्र प्रदेशलाई साक्षर घोषणा गर्ने नीति लिए पनि उक्त कार्यक्रम पनि अघि बढ्न नसकेर अलपत्र बन्यो ।

विद्यालय नजाने तथा छाड्ने प्रवृत्तिलाई निरुत्साहित गर्न, विद्यार्थीको सिकाइ उपलब्धि अभिवृद्धि गर्न 'बालबालिकालाई विद्यालय (ल्याऔं, टिकाऔं र सिकाऔं)' भन्ने नाराका साथ अभियान सुरु भएको भए पनि अभियान दूर दराजसम्म नपुग्दा साक्षर घोषणा अभियान अलपत्र भएको हो ।

#### साक्षर प्रदेश घोषणा गर्ने तयारी

प्रदेश सरकारले सुरुवाती वर्षदेखि नै साक्षर घोषणाका लागि बजेट विनियोजन गरे पनि कार्यान्वयन हुन सकेको छैन । प्रत्येक वर्ष प्रदेश सरकारले बजेट विनियोजन गर्दै आइरहेको छ । अघिल्ला वर्षहरूमा २५ लाखदेखि २ करोड रुपैयाँसम्म बजेट विनियोजन हुने गरेको थियो । कर्णाली साक्षर घोषणाका लागि चालू आर्थिक वर्षमा समेत प्रदेश सरकारले ४० लाख रुपैयाँ बजेट विनियोजन गरेको छ। तर, हालसम्म १ रुपैयाँ पनि यो बजेटबाट खर्च नभएको सामाजिक विकास मन्त्रालयले जनाएको छ ।

सामाजिक विकास मन्त्रालय शैक्षिक महाशाखा प्रमुख खड्काले यही वर्षभित्र 'साक्षर कर्णाली' घोषणा गर्ने तयारी गरेको जानकारी दिए ।

उनले यसका लागि सामाजिक विकास मन्त्रालयमा करिब ४० लाख रुपैयाँ मौज्दात रहेको बताए । 'उतिबेलै प्रदेश सरकारले ३ वर्षभित्रै साक्षर प्रदेश घोषणा गर्ने अभियान थालेको थियो तर स्थानीय सरकार नै त्यति अग्रसर हुन सकेनन्', उनले भने, 'अब यस वर्ष हामी जसरी हुन्छ घोषणा गर्छौं । त्यहीअनुसार स्थानीय तह पनि लागिरहेका छन् ।'

प्रमुख खड्काले मन्त्रालयले साक्षर घोषणा गर्ने जिल्ला र स्थानीय तहलाई प्रोत्साहन स्परूप १ लाख रकम दिने व्यवस्था गरेको बताए । 'हामीले मन्त्रालयमा राखेको ४० लाख बजेट साक्षर जिल्ला र स्थानीय तह घोषणा भएपछि प्रोत्साहन स्वरूप दिने भनेर छुट्याएका हौं । तर, अहिलेसम्म पनि उक्त बजेटबाट १ रुपैयाँ पनि खर्च भएको छैन', उनले भने। प्रमुख खड्काका अनुसार केन्द्र सरकारले पनि साक्षर घोषणाका लागि २० लाख बजेट विनियोजन गरेको छ ।

#### तीव्र तयारीमा डोल्पा र कालीकोट

हालसम्म पनि साक्षर घोषणा नभएका ८ स्थानीय तह पनि साक्षर घोषणा गर्ने तयारीमा छन् । कालीकोटको खाडाचक्र नगरपालिका पनि फागुन महिनासम्म साक्षर घोषणा गर्ने तीव्र तयारीमा छ । नगर प्रमुख कमलबहादुर शाहीले फागुन महिनासम्म पालिकालाई साक्षर पालिका घोषणा गर्ने तयारीमा रहेको जानकारी दिए ।

'आजसम्म हाम्रो पालिका पनि साक्षर घोषणा भइसक्ने थियो तर यहाँ जनशक्ति र केही प्रक्रिया पूरा गर्न नसक्दा ढिला भएको हो', उनले भने, 'सकेसम्म फागुनभन्दा पहिले गर्छौं, भएन भने फागुनसम्म गर्छौं ।'

यस्तै, डोल्पाको डोल्पोबुद्ध गाउँपालिकाका उपाध्यक्ष पेम्मा धोर्चे गुरुङले पनि आफूहरू छिट्टै गाउँपालिकालाई साक्षर घोषणा गर्ने तयारीमा रहेको जानकारी दिए ।

### २ जिल्ला...

थिए, 'आगामी ५ वर्षभित्र यस प्रदेशलाई साक्षर प्रदेश घोषणा गर्ने अभियानलाई सफल तुल्याउन अनौपचारिक शिक्षा एवं साक्षरता अभियानसम्बन्धी कार्यक्रमका लागि स्थानीय तहसँग समन्वय गरी कार्य मोडालिटी तथा कार्य पद्धति निर्माण गरिने छ ।'

उक्त घोषणापछि प्रदेश सरकारले साक्षर प्रदेश कार्यक्रमलाई आफ्नो नीति तथा कार्यक्रममा बर्सेनि समेट्दै आएको छ । तर, हालसम्म पनि अझै २ जिल्ला साक्षर घोषणा भएका छैनन्, जसमा डोल्पा र कालीकोटका ४/५ स्थानीय तह घोषणा हुन बाँकी छन् ।

### बेलायतमा...

त्यसपछि विदेशी कामदारहरूको शोषण गर्ने रोजगारदाता र उनीहरूलाई भर्ना गर्ने संस्थाहरू विरुद्ध कडा प्रतिबन्ध लगाएको हो। कतिपय बेलायती रोजगारदाताले बारम्बार भिसा नियम उल्लंघन गर्ने, न्यूनतम पारिश्रमिक पनि नदिने, जबर्जस्ती श्रम गर्नुपर्नेजस्ता विभिन्न अनुचित व्यवहार देखिएका छन् ।

रोजगारसम्बन्धी गम्भीर नियम उल्लंघन गर्ने रोजगारदातालाई १२ महिनादेखि २ वर्षसम्म विदेशी कामदार भर्ना गर्न प्रतिबन्ध लगाइने बेलायत सरकारले बताएको छ । खाडी मुलुकमा घरेलु कामदारले उचित ज्याला, आरामका लागि समय नपाउने, अत्यधिक समय काम लगाउनेजस्ता दुर्व्यवहारहरू हुने गरेका छन् ।

बेलायतमा त्यो तहको अनुचित व्यवहार नभएको भए पनि आप्रवासनमन्त्री सीमा मलहोत्राले सार्वजनिक भएका अनुसन्धान प्रतिवेदनले विशेषगरी हाम्रो हेरचाह केयर गिभर क्षेत्रमा देखिएको अवस्था लाजमर्दो रहेको बताइन् ।

बेलायतको हेरचाह क्षेत्रमा भारत, नाइजेरिया, जिम्बाब्वे र फिलिपिन्स जस्ता देशहरूबाट गएका आप्रवासी कामदार धेरै मात्रामा छन् । बेलायतले करिब ३ वर्षअघि सन् २०२१ मा हेरचाह कार्यहरूका लागि नयाँ भिसा खोलेपछि ठूलो संख्यामा आप्रवासी कामदार उक्त काममा पुगेका छन् । तर, कम तलब, आवास र अन्य कारणहरूले आप्रवासी कामदारहरू शोषणको जोखिममा परेका बेलायतको सरकारीस्तरबाट नै खुलासा भएको छ ।

## तपाईंको राशिफल

| | | |
|---|---|---|
| मेष | : | नयाँ सम्बन्धमा वृद्धि हुने छ। जीवनसाथीको सहयोग प्राप्त हुने छ । सामाजिक सम्मानमा वृद्धि हुन्छ । |
| वृष | : | आम्दानी राम्रो हुने छ । अनावश्यक कार्य गर्नु हुँदैन । राजनीतिक कार्य सफल हुने छ । |
| मिथुन | : | वाहन चलाउँदा सावधानी राख्नुपर्छ । नयाँ सम्पर्क बढ्ने छ । राजनीतिक सहयोग प्राप्त हुने छ । |
| कर्कट | : | आत्मविश्वास बढ्ने छ। जग्गासम्बन्धी कार्य सफल हुने छ । स्वास्थ्यमा भने ध्यान दिनु होला । |
| सिंह | : | आर्थिक कार्यमा अनुकूल प्रगति हुने छ। सन्तान सुख प्राप्तिको योग छ । मुद्दासम्बन्धी कार्यमा सफलता मिल्ने छ । |
| कन्या | : | शारीरिक समस्याको योग छ । पद र प्रतिष्ठामा वृद्धि हुने छ । रोजगारमा वृद्धि हुने छ । जोखिम भएको कार्यमा नोक्सानीको योग छ । |
| तुला | : | पारिवारिक जीवनमा समझदारी राख्नु जरुरी छ । दैनिक कार्यमा सफलतासँगै मन प्रसन्न हुने छ । |
| वृश्चिक | : | राजनीतिक कार्य सफल हुने छ । शारीरिक समस्याको योग देखिन्छ। वाहन चलाउँदा सावधानी राख्नु होला । |
| धनु | : | सम्पर्कमा वृद्धि हुने छ। व्यापारिक र आर्थिक प्रगति हुने छ । पैतृक सम्पत्ति प्राप्त हुने योग छ । |
| मकर | : | राजनीतिक कार्यमा रोकावट हुन सक्छ। पारिवारिक कार्य भने सफल हुने छ । व्यापारिक सम्बन्ध बलियो हुने छ । |
| कुम्भ | : | वाणी संयम राख्नु होला। जोखिम लिनु हुँदैन किनकि आर्थिक नोक्सानको योग छ । घरबाट अपेक्षित सहयोग प्राप्त हुने छ । |
| मीन | : | दैनिक सबै कार्य सफल हुने छ। पारिवारिक कार्य पनि सफल हुने छ । कुनै पनि कार्यमा जोखिम लिनु हुँदैन । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेसनल एस्ट्रोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# ‘बुद्धका शिक्षाको प्रचारक र अनुयायी हुनुस्’

**लुम्बिनी / मस–** प्रधानमन्त्री केपी शर्मा ओलीले बुद्धका दर्शन र शिक्षाको प्रचारक र अनुयायी भएर समाजमा प्रस्तुत हुन आग्रह गरेका छन् ।

लुम्बिनी बौद्ध विश्वविद्यालयको तेस्रो विशेष दीक्षान्त तथा २० औं वार्षिकोत्सव समारोहलाई शुक्रवार सम्बोधन गर्दै कुलपति एवं प्रधानमन्त्री ओलीले सबै सुखी होउन् भन्ने बुद्धका सन्देशको अर्को रूप नै आफूहरूले अघि सारेको ‘समृद्ध नेपाल, सुखी नेपाली’ को राष्ट्रिय आकांक्षा भएकाले यसलाई पूरा गर्न सबैमा आग्रह गरे ।

अभिभावकको लगानी, माया र मेहनतबाट दीक्षित हुने अवस्थासम्मको सफलता प्राप्त गरेकामा अभिभावक र विद्यार्थीलाई बधाई दिँदै प्रधानमन्त्री ओलीले बुद्ध दर्शन, आचरण र शिक्षाको प्रचारक र अनुयायी भएर समाजमा प्रस्तुत हुन आग्रह गरे ।

‘मानवीय गुण भनेको ढाँटछल, जालझेल र प्रपञ्च होइन । मानवीय गुण भनेको शान्ति, करुणा र प्रेमको गुण हो’, प्रधानमन्त्री ओलीले भने, ‘घृणाले घृणा,



अशान्तिले अशान्ति र शत्रुताले शत्रुता बढाउने तथा प्रेमले प्रेम, शान्तिले शान्ति र राम्रोले राम्रो नै बढाउने बुद्धदर्शनलाई हामीले पछ्याउनुपर्छ । नराम्रो मार्गमा हिँड्न हुन्न भन्ने थाहा पाइपाइकन पनि त्यस बाटोमा मान्छे हिँडिरहेको हुन्छ । त्यसबाट लाभ हुँदैन भन्ने थाहा पाएर गलत कामको लत बसाउनु हुँदैन । अशल मार्गमा हिँड्न सक्नुपर्छ ।’

प्रधानमन्त्री ओलीले लुम्बिनी बुद्धको जन्मथलो र बौद्ध दर्शनको पनि थलो भएको उल्लेख गर्दै यसलाई पावनभूमिका रूपमा विकासित र प्रचारप्रसार गर्न सरकारले पहल गर्दै आएको बताए ।

उनले आफू पहिलो पटक प्रधानमन्त्री हुँदा लुम्बिनीमा अन्तर्राष्ट्रिय बौद्ध सम्मेलनको आयोजना गरेको र दोस्रो कार्यकालमा पाँच हजार जना सहभागी हुन सक्ने ध्यान केन्द्र बनाउने काम गरेको स्मरण गरे ।

समारोहमा कुलपति ओलीले भिक्षुणी धम्मावती गुरुमालाई मानार्थ विद्यावारिधिसहित विभिन्न संकायमा उपाधिप्राप्त दुई सय ८९ जना दीक्षित गरे ।

प्रधानमन्त्री ओलीले जीवनमा कसैको कुभलो नचिताउने तथा सँधै सकारात्मक चिन्तन र व्यवहार प्रदर्शन गर्ने गुरुमाले मानार्थ विद्यावारिधिको सम्मान स्वीकार गरेर विश्वविद्यालयलाई थप सुपरिचित गराएको बताए । यस्तै प्रधानमन्त्रीले पाँच जनालाई विद्यावारिधिको उपाधि प्रदान गरे ।

ललितपुरमा जन्मिएकी ९१ वर्षकी भिक्षुणी धम्मावती गुरुमाले बौद्ध धर्म, दर्शन र शिक्षाको विकासमा दिएकी अतुलनीय योगदानप्रति सम्मान गर्दै १७ औं विश्वविद्यालयसभाले गुरुमालाई सो सम्मान प्रदान गर्ने निर्णय गरेको थियो ।

# चुनढुंगा बोक्ने टिप्परलाई ‘टाइम कार्ड’

**सूर्यप्रसाद भुसाल / मध्यान्ह**
अर्घाखाँची, १४ मंसिर

अर्घाखाँचीमा टिप्परलाई ‘टाइम कार्ड’ वितरण गरिएको छ। सन्धिखर्क गोरुसिंगे सडकमा गुड्ने टिप्पर लोड गाडिलाई नरपानीबाट पथरकोटका लागि ४ घण्टा खालि टिप्परलाई २ घण्टा ३० मिनेट समय दिएर कार्ड प्रदान गरिएको हो ।



जिल्ला ट्राफिक प्रहरी कार्यालय अर्घाखाँचीको अगुवाइमा ‘टाइम कार्ड’ वितरण सुरु गरिएको हो । अर्घाखाँचीका प्रहरी प्रमुख प्रहरी नायब उपरीक्षक चक्रबहादुर मल्लले ‘टाइम कार्ड’ वितरण गरी सवारीको ओभरस्पीड न्यूनीकरणको प्रयास गरिएको बताए । मल्ल भन्छन्, ‘अर्घाखाँचीमा चल्ने झण्डै ३ सय टिप्परलाई शुक्रबार कार्ड दिन सुरु गरेका छौं ।’ दुर्घटनाको प्रमुख कारण मानिएको चालकको लापरबाही र गति नियन्त्रण हुने अपेक्षा गरेको मल्लको दाबी छ ।

टाइम कार्ड लागू गरिएपछि ८० प्रतिशत दुर्घटना घट्ने जिल्ला ट्राफिक प्रहरी कार्यालय अर्घाखाँचीले अनुमान गरेको ट्राफिक प्रहरी प्रमुख निराजन गौतमले बताए । बिहीबारदेखि अर्घाखाँचीका प्रहरी प्रमुख चक्रबहादुर मल्लले चुनढुंगा बोक्ने टिप्परका चालकलाई टाइम कार्ड प्रदान गरेपछि यो नियम लागू भएको हो । ‘तीव्र गति, सवारीको अवस्था, चालकको लापरबाही, सडकको अवस्था आदी कारणले सवारी दुर्घटना हुने गरेतापनि तीव्र गति प्रमुख कारण हो । त्यसमा पनि पछिल्लो समय थुनढुंगा बोक्ने टिप्पर मुख्य समस्या देखिएपछि टाइम कार्ड वितरण गरेका हौं,’ प्रहरी प्रमुख मल्लले भने ‘सडक दुर्घटना घट्ने अपेक्षा छ । टिप्परले रोजगारी सिर्जना तथा विकास कार्यमा सहयोग गरेतापनि धेरै दुर्घटना हुने तथा धुलो, धुँवा उडाउने गरेका कारण गति नियन्त्रण गर्न टाइम कार्डले काम गर्नेछ ।’

टाइम कार्ड लागू भएपछि टिप्परले गोरुसिंगे सन्धिखर्क सडक अन्तर्गत नरपानीबाट पथरकोटसम्मको ३५ किलोमिटर सडक लोड लिएर जाँदा ४ घण्टा र खाली गाडी फर्कदा २ घण्टा ३० मिनेटमा पार गर्नुपर्ने भएको छ । यदि तोकिएको समयभन्दा अगावै सवारीसाधन पुगेमा कारबाही गरिने जिल्ला ट्राफिक प्रहरी प्रमुख निरज गौतमले बताए । गौतम भन्छन्, ‘मालवहाक ठूला सवारीसाधनमा पनि विस्तारै टाइम कार्ड लागू गर्ने प्रयासमा छौं ।’ टिप्परले अन्य सवारी तथा साना साधनलाई अप्ठ्यारो पारेका कारण पहिलो चरण टिप्परमा लागू गरेको गौतमले पुष्टि गरे ।

टिप्पर व्यवसायी जनक मगरले टाइम कार्ड अन्य सवारीसाधनमा पनि लागू गर्नुपर्ने बताए । ट्राफिक प्रहरीले गरेको दुर्घटना न्यूनीकरण सम्बन्धी सचेतना तथा टाइम कार्ड उद्घाटन कार्यक्रममा उनले अन्य सवारीले गर्ने लापरबाहीको भागिदार टिप्पर हुनुपरेको बताए । उनी भन्छन्,‘हामी भरिया हौं । खानीले अह्राएको गर्ने हो। दुर्घटना होस् भन्ने कसैले पनि चाहँदैन ।’

ट्राफिक प्रहरीले वितरण गरेको टाइम कार्डमा सवारी नं., सवारी धनी तथा कम्पनीको नाम, चालकको नाम, मिति, प्रस्थान समय, पुग्नुपर्ने समय, पुगेको समय जस्ता कुराहरू उल्लेख गर्नुपर्ने रहेको छ। प्रहरीले अर्घाखाँची खाँचिकोट नरपानीबाट पथरकोटसम्म टाइम कार्डको सही प्रयोग गरिएको छ/छैन भन्ने परीक्षण गर्ने नरपानी प्रहरी चौकीका इन्चार्ज अर्जुन बस्नेतले बताए ।

# ‘विद्यालयमा कुलपति’ कार्यक्रम संचालन



**सर्लाही / मस–** नेपाल प्रज्ञा-प्रतिष्ठानका कुलपति भूपाल राईको प्रमुख आतिथ्यमा कम्युनिटी वेयलफियर स्कुल लालबन्दी सर्लाहीले ‘विद्यालयमा कुलपति’ कार्यक्रम सम्पन्न गरेको छ ।

विद्यालयसँग प्राज्ञिक कर्म र प्रज्ञा-प्रतिष्ठानलाई जोड्ने उद्देश्यले आयोजित उक्त कार्यक्रममा कुलपति राईले कुनै पनि मुलुक वा समाजको भाषा,साहित्य,संस्कृति र कला सफ्टपावर भएको बताए। उनले भने, ‘जसरी कम्प्युटर सञ्चालन गर्नका लागि सफ्टवयर महत्वपूर्ण हुन्छ,त्यसैगरी देश सञ्चालनका लागि साहित्य र कलाको आवश्यकता पर्दछ ।’

उक्त कार्यक्रमका विशिष्ट अतिथि प्रज्ञा-प्रतिष्ठानका प्रज्ञासभा सदस्य चेतनाथ धमलाले प्रज्ञा-प्रतिष्ठानलाई विभिन्न शैक्षिक संस्था र गाउँगाउँमा पुऱ्याउने उद्देश्यले ‘विद्यालयमा कुलपति कार्यक्रम’ सञ्चालन गरेर ज्ञानको थलोको रूपमा रहेको प्रतिष्ठानलाई चिनाउने उद्देश्यले यस्ता कार्यक्रम भइरहेको बताए ।

उक्त स्कुलका भाइस प्रिन्सिपल जगदीश कँडेलले स्वागत मन्तव्य र शिक्षिका कोमल अधिकारीले कार्यक्रमको उद्घोषण गरेकी थिइन् । त्यसपछि उक्त विद्यालयका विद्यार्थीसँग अन्तरक्रिया कार्यक्रम भएको थियो ।

# शितगंगा नगरपालिकाका खोला खोल्सीमा पुगेर अनुगमन गरिँदै



**सुरु भुसाल / मध्यान्ह**
अर्घाखाँची, १४ मंसिर

जिल्ला समन्वय प्रमुखको नेतृत्वमा रहेको अर्घाखाँची जिल्ला अनुगमन समितिले शितगंगा नगरपालिकामा सञ्चालनमा रहेका विभिन्न योजनाहरू टेण्डर लगाउन बाँकी रहेका सबै खोलाहरुको स्थलगत अनुगमन गरेको छ ।

जल उत्पन्न प्रकोप नियन्त्रण तथा मनसुनको समयमा ती खोला खोल्सीबाट हुने क्षति न्यूनीकरण गर्ने खोलामा टेण्डर लगाउन बाँकी रहेका खोलाहरुबाट आन्तरिक आम्दानी वृद्धि गर्ने चोरी, निकासी बन्द गर्ने उद्देश्यले शितगंगा नगरपालिका अन्तर्गत सञ्चालित आयोजनाहरु खोलाहरुको अनुगमन गरिएको शितगंगा नगरपालिकाका नगरप्रमुख छबिलाल पौडेलले जानकारी दिए।

शितगंगाका ठूला तथा साना नदी नियन्त्रण कार्यका साइटहरु, गुड्डुङखोला, बहबेल गन्धैला खोला, सुकबेल खोला, चोरखोला, सुरही गनेरी खोला रङसिङ खोला राप्ती नदी, सिलिङ खोला, कोन्द्रेखोला भंगाला खोला, मुसियान खोला, बाणगंगा खोला, खोरमोर खोला, गंगा खोला, शितखोला, झिमरुक खोलामा हुने चोरी निकासी नियन्त्रण गरी जिल्लास्तरिय अनुगमन समितिले अनुगमन गरेपछि चुरेसँग स्वीकृति लिइ खोलाहरुको टेन्डर लगाउन र नगरपालिकाको आन्तरिक आम्दानी वृद्धि गर्न खोलाहरुको स्थलगत अनुगमन गरिएको शितगंगा नगरपालिकाका योजना अधिकृत नुमलाल खनालले बताए ।

नेपालकै ठूलो नगरपालिका शितगंगा नगरपालिकाभित्र निर्माण सम्पन्न भएका तथा निर्माण कार्य भइरहेका यस आर्थिक वर्षमा सम्पन्न गर्नुपर्ने योजनाहरु गुणस्तरीय भए/नभएको अनुगमन गर्न नगरपालिकाका उपप्रमुख गिता भाट, प्रमुख प्रशासकीय अधिकृत मदन जिसी, योजना अधिकृत नुमलाल खनाल, नगरपालिकाका प्राविधिक इन्जिनियर योजना राजश्व प्रमुखलाई लिएर फिल्डमा नाप नक्सा गर्न पुग्ने कामलाई निरन्तर पुग्ने गरेपनि खोलाहरुको अनुगमन जिल्लास्तरीय समितिले गरेको नगरपालिकाका उपप्रमुख गिता भाटले बताइन् ।

उपप्रमुख भाट संयोजक रहेको अनुगमन समितिले योजना अनुगमनलाई तीव्रता दिएका बेला जिल्ला समन्वय प्रमुखसहित कर्मचारीको टिम पनि जनप्रतिनिधिसँग योजना अनुगमन गर्दै नगरपालिकाको लागत स्टमेट अनुसार काम भए/ नभएको, गुणस्तरीय काम भए/नभएको बारेमा जानकारी लिनका लागि स्थलगत रुपमा अनुगमन गर्ने कार्य भइरहेको प्रमुख प्रशासकीय अधिकृत मदन जिसीले मध्यान्हलाई जानकारी दिए ।

नगरपालिकाका योजना अधिकृत नुमलाल खनालले भने ‘अहिले हामीले खोला मात्रै होइन योजनाहरुको अनुगमन गरिरहेका छौं। अनुगमनका क्रममा कमसल काम गरेको देखिएमा कारबाही प्रक्रिया अगाडि बढाउँछौं। भुक्तानी दिने त कुरै छैन राज्यको सम्पत्ति सहि ठाउँमा सदुपयोग होस्, काम गुणस्तरीय होस् भन्ने उद्देश्यले नगरपालिकाले योजना खोल्सा खोला ढुंगा गिट्टी बालुवाको अनुगमनसँगै स्थानीयस्तरमा हुने विकास निर्माणका कामहरु गुणस्तरहीन नहुने गरेको गुनासो बढेका बेला नगरपालिकाले योजना अनुगमनलाई तीव्रता दिएको नगरपालिकाका योजना अधिकृत नुमलाल खनालको दाबी छ । बिहीबार, शुक्रबार मात्रै शितगंगा नगरपालिका वडा नम्बर ८, वडा नम्बर ११, वडा नम्बर १२, वडा नम्बर ७, वडा नम्बर ९ का विभिन्न १ दर्जन खोलाहरु नदीहरु, विभिन्न योजनाहरु, प्राविधिकसहित पुगेको जिल्लास्तरीय अनुगमन समितिले अनुगमन गरेको प्रमुख जीवनारायण कोइरालाले बताए ।

# हिन्दुमाथि असहिष्णु नहुन बंगलादेश सरकारलाई महासंघको आग्रह

**काठमाडौं / मस–** बंगलादेशमा रहेका अल्पसंख्यक हिन्दूमाथि असहिष्णु नहुन विश्व हिन्दू महासंघ अन्तर्राष्ट्रिय समितिले बंगलादेश सरकारलाई आग्रह गरेको छ । महासंघ अन्तर्राष्ट्रिय समिति का.वा अध्यक्ष अस्मिता भण्डारीले एक विज्ञप्ति जारी गर्दै बंगलादेश सरकारलाई त्यस्तो आग्रह गरेका हुन् ।

बंगलादेशमा बसोबास गर्दै आएका हिन्दु धर्मावलम्वीमाथि बारम्बार भइरहने आक्रमणका घटनाहरूबाट विश्व हिन्दु महासंघको चिन्तित रहेको भन्दै अध्यक्ष भण्डारीले यही २६ नोबेम्बरमा बंगलादेश सम्मिलित सनातन जागरणका प्रवक्ता हिन्दु धर्म गुरु चिन्मोय कृष्ण दासलाई



धार्मिक कार्यक्रम आयोजना एवं अगुवाइ गरेको कारण जेल चलान गरेको घटनाप्रति विश्व हिन्दु महासंघको गम्भीर ध्यानाकर्षण भएकोले बंगलादेश सरकारबाट भएको उक्त कार्यको विश्व हिन्दु महासंघले घोर भत्सना गरेको छ।

‘घटनाले संसारभरिका हिन्दु धर्म तथा ॐकार परिवारका अनुयायीहरूमा गहिरो चोट पुगेको छ । आफ्नो देशका बंगलादेशी हिन्दुहरू जो अल्पसंख्यामा रहेका छन् उनीहरूको धार्मिक स्वतन्त्रताको सम्मान र मानव अधिकारको रक्षाका लागि संवेदनशील बन्दै शान्ती सुरक्षाको प्रत्याभूति गराउनका लागि बंगलादेश सरकारको ध्यानकर्षण गराउँछौं’विज्ञप्तिमा भनिएको छ।

त्यहाँस्थित स्कोन मन्दिरका सञ्चालक समेत रहेका धर्म गुरु श्री चिन्मोय कृष्णदासलाई हिन्दु धर्मको अगुवाई गरेकै कारणले किन जेल चलान गरिएको हो ? यस विषयमा गम्भीर भइ यथाशीघ्र गुरु चिन्मोयको रिहाइको लागि बंगलादेश सरकार समक्ष विश्व हिन्दु महासंघले जोडदार माग गरेको छ ।

# ३ जना युवा भाषा वैज्ञानिक पुरस्कृत



**काठमाडौं / मस–** भाषा विज्ञान नेपालको ४५औं अन्तर्राष्ट्रिय सम्मेलनमा ३ जना विद्यार्थीहरु ‘युवा भाषा वैज्ञानिक पुरस्कार’बाट पुरस्कृत भएका छन् । दर्शनाचार्य-विद्यार्थीवरिधि (एमफिल-पिएचडी)मा अध्ययनरत युवा भाषा वैज्ञानिकहरु मोहन गुरुङ, सिर्जना घिमिरे र नेह गर्ग ‘युवा भाषा वैज्ञानिक पुरस्कार-२०८१’को आवार्डबाट पुरस्कृत भएका हुन् । गुरुङ र घिमिरे त्रिभुवन विश्वविद्यालय, भाषा विज्ञान केन्द्रीय विभाग र गर्ग बनारस हिन्दु युनिर्भसिटीका विद्यार्थी हुन् ।

मंसिर ११ र १२ गते काठमाडौंमा सम्पन्न सम्मेलनमा अनुसन्धान लेखन र प्रस्तुतीकरणको आधारमा उनीहरु नगद १० हजार रुपैयाँ, प्रमाणपत्र र आवार्डबाट पुरस्कृत भएका हुन् ।

‘गण्डकी क्षेत्रको ठाडो भाकाः समाज भाषिक अध्ययन’ विषयको अनुसन्धान लेखन एवम् प्रस्तुतीकरणको आधारमा गुरुङले आवार्ड जितेका हुन् । ‘बहुभाषिक कक्षाकोठमामा सिकाईमा कठिनाई’ विषयबाट घिमिरेले र ‘मैथिलीका शाब्दिक, रुपात्मक तथा वर्णनात्मक प्रेरणार्थक संकेतनः तुलनात्मक अध्ययन’ विषयबाट खोज, लेखन र प्रस्तुतीकरणको आधारमा गर्गले आवार्ड पाएका हुन् ।

हरेक वर्षको अंग्रेजी महिना डिसेम्बर २६ र २७ गते आयोजना गरिने सम्मेलनमा नेपालका दुई जना र नेपाल बाहिरका एकजना भाषा वैज्ञानिकले यो आवार्ड पाउँछन् । यो आवार्ड नेपालको भाषाबारे अध्ययन, अनुसन्धान र लेखनका लागेका भाषा वैज्ञानिकहरुले पाउँछन् ।

डा. समर सिन्हा (सिक्किम विश्वविद्यालयका प्रोफेसर), डा. दानराज रेग्मी र डा. भिमलाल गौतम (त्रिभुवन विश्वविद्यालय) रहेको मूल्यांकन समितिले उनीहरुलाई आवार्डका लागि सिफारिस गरेको थियो । सम्मेलनमा अमेरिका, अष्ट्रेलिया, भारत, जर्मनी, साउदी अरब, पोल्याण्ड, बेलायतलगायत १० देशका भाषा वैज्ञानिकहरुको साहभागिता थियो ।

# होटलमा बालिका राखेर यौन धन्दा गराएको आरोप

**मध्यान्ह संवाददाता**
रौतहट, १४ मंसिर

रौतहटको उत्तरी भेगमा पर्ने चन्द्रनिगापुरस्थित पूर्वपश्चिम राजमार्गको होटेल वेलकम यतिबेला विवादको केन्द्रमा छ । स्थानीयहरूले लामो समयदेखि होटेलमा यौनजन्य गतिविधि हुँदै आएको आरोप लगाएका छन् । उक्त होटेलमा नाबालिका किशोरीहरूको समेत प्रयोग गरी अवैध यौन धन्दा सञ्चालन भइरहेको आरोप लागेको हो ।

एक विशेष छानबिन टोलीले होटेलका सञ्चालकसँग प्रत्यक्ष संवाद गर्दा, होटेलमा प्रति ग्राहक १ हजार ५ सय रुपैयाँ शुल्क लिएर यौन सेवा प्रदान गरिने गरेको खुलासा भएको हो । सञ्चालकले खुलेआम यौन धन्दाको विषय स्वीकारेपछि स्थानीय बासिन्दाहरूको आक्रोश




झन् चुलिएको हो ।

पहिले होराइजन होटलको नामले चिनिने यो होटेलले केही समयअघि नाम परिवर्तन गरी ‘वेलकम’ राखेको थियो । नाम परिवर्तनसहित व्यवसायको स्वरूप पनि सुधारिएको भ्रम सिर्जना गरिएको भए पनि अवैध गतिविधि रोकिएको छैन । स्थानीयले यस्ता गतिविधिले समाजमा गलत प्रभाव पार्ने र युवापुस्तालाई अपराधतर्फ धकेल्ने भन्दै होटेल तत्काल बन्द गर्न र सञ्चालकलाई कारबाही गर्न माग गरेका छन् । यस विषयमा प्रहरीले हालसम्म ठोस कदम नचालेको स्थानीयको गुनासो छ ।

यस्ता घटनाले स्थानीय समाजमा नैतिकता र संस्कारमा गम्भीर असर पार्ने स्पष्ट छ । तर, सम्बन्धित निकायले कानूनी प्रक्रिया अघि बढाउन ढिलाई गर्दा अवैध कार्य झन् मौलाएको छ । समाज सुधारका लागि प्रहरी प्रशासनले यस्ता होटलहरूमा निगरानी बढाउँदै कडा कारबाही गर्नुपर्ने देखिन्छ । स्थानीयले मात्र आवाज उठाएर यस्ता गतिविधि रोक्न नसकिने हुँदा सामूहिक पहल अपरिहार्य छ ।

चन्द्रनिगापुरजस्तो क्षेत्रमा यस्ता अवैध गतिविधि निरन्तर भइरहनु समाजका लागि घातक हो। आफुहरुको चासो र मागलाई सम्बोधन गर्दै सम्बन्धित निकायले तत्कालै कडा कदम चाल्नुपर्ने स्थानीय बताउँछन् ।

# सडक सुरक्षा तथा सचेतना कार्यक्रम



**समिर शाही / मध्यान्ह**
बाँके, १४ मंसिर

बढ्दो सवारी दुर्घटना न्यूनीकरणका लागि जिल्ला ट्राफिक कार्यालय बाँकेले गत साउन १ गतेदेखि मंसिर मसान्तसम्म ५ महिनाको अवधिमा ७ सय १३ पटक सचेतना कार्यक्रम सञ्चालन गरेको छ । जसबाट ३१ हजार ३८ जना सर्वसाधारणहरु प्रत्यक्ष रूपमा लाभान्वित भएका छन् ।

सो अवधिमा साउन महिनामा १ सय ४४ पटक,भदौ महिनामा १ सय ३० पटक,असोज महिनामा १ सय ३३ पटक,कात्तिक महिनामा २ सय २८ पटक र मंसिर महिनामा ७८ पटक कार्यक्रम सञ्चालन गरेका छन् । यी कार्यक्रमबाट क्रमशः ६ हजार ८ सय ८८ जना,४ हजार १ सय ८८ जना, ५ हजार ७ सय ६६ जना,९ हजार ८ सय ५१ जना र २६ हजार ६ सय ९३ जना सर्वसाधारणहरु लाभान्वित भएका छन् ।

कार्यालयले एकैपटक धेरै आमनागरिकका जनचेतना पुऱ्याउने हेतुले विभिन्न स्कूलहरूमा ट्राफिक सचेतना सम्बन्धी कार्यक्रम गराउँदै आएको जिल्ला ट्राफिक प्रहरी कार्यालय बाँकेका प्रमुख पुष्करराज पन्तले बताए । उनले यस कार्यक्रमलाई झन् प्रभावकारिता दिन विद्यार्थीलाई ट्राफिक नियम विशेष निबन्ध लेख्न पठाउने र उत्प्रेरणाको लागि उत्कृष्ट विद्यार्थीलाई उचित पुरस्कार प्रदान गर्ने बताए ।

यस्तै अव्यवस्थित रिक्सा नियन्त्रणका लागि बिना कागजातका अटो रिक्साको चेकजाँचमा थप सक्रिय गराउने, स्थानीय तहसँग समन्वय गरी अटो रिक्सा पार्किङको व्यवस्था मिलाउने तथा रिक्सा चालकलाई उचित प्रशिक्षण दिँदा दुर्घटनाबाट जोगाउन सहयोग पुग्ने पन्तको अपेक्षा छ। साथै पन्तले जाडोयाममा हुस्सुले कारणले दुर्घटना नहुन लामो तथा छोटो दुरी चल्ने सवारीमा रिफलेक्टिभ स्टिकरको टाँस गर्ने जानकारी दिएका छन् ।

साथै, जिल्लामा मोडिफाई गरेका मोटरसाइकललाई कम्पनीले नियन्त्रणमा लिएर कारबाही गरेको छ । साथै आमनागरिकले यस्ता खालका बाइक देखेमा नजिकको प्रहरी कार्यालयमा वा एक सयमा डायल गरी जानकारी गराउन समेत पन्तले आग्रह गरेका छन् ।

पन्तले ट्राफिक प्रहरीले सचेतना कार्यक्रम गर्दै आएतापनि आमनागरिकको लापरबाहीले पनि बेला बेला दुर्घटना हुँदै आएको हुनाले यसमा आमनागरिकले पनि सचेत रहिदिन अनुरोध गरे ।

## कथा

# रहर

*साँच्चै अन्तरीलाई मनमा मेरो शब्द वाणले च्वास्सै परिहालेछ कि क्या हो ! गइन् भालेसाले छोडी हँसिया टिपेर बारीतिर । सधैं त अलिकति केही भनेछु भने रोटी जस्तै पुक्क फुलिएर कम्ती मुख चलाउँदिन थिइन् तर आज भने उनलाई पहिलाझैं आक्रामक देखिएन*



■ राजनारायण राई

एक भारी घाँस टाट्नोमा राखेर एक पटक मज्जाले खुइया गरें । लगाएकै कमिज पल्टाइवरी पसिना पुछें । एक क्षण थकाइ मार्दै एउटा बिँडी सल्काएँ अनि सरररररर तानेर बेस्मारी धुवाँ फुकिरहें फुकिरहें ।

उता, आँगनमा अन्तरी भने आफ्नै धुनमा कुखुरालाई चारो छर्दै घरिघरि कराउँछिन्, 'तु आह आह... तु आह आह...' भन्दै । घरिघरि निकै जोडले 'हा... हा...' पनि भन्दै छन् । हाम्रो अन्तरी उस्तै पो छन् त आफ्नुलाई काखी चेपिहाल्छिन्, अर्कालाई परपरतिर धपाइहाल्छिन् ।

आज भने अन्तरी सधैंभन्दा निकै जोडले बेस्मारी कराइन्, त्यो पनि एउटै भालेलाई । मलाई त उदेक लाग्यो, त्यतिबेला मनमा आटेसमटेस भई आयो । तब चुप लागेर बस्नु ठ्याक्कै सकिनँ । मेरो स्वाभाव पनि उस्तै छ, केही मन नपरे प्याच्चै भनिहाल्छु । मन कालो पारेर बाँच्नु जानिएन । हराङहुरुङ फसाङफुसुङ बानी परेकोले होला, चित्त नपरे कराइहाल्छु पनि ।

गाईको गोठबाटै तिखो स्वर परिहाले, 'औ अन्तरी, त्यो एउटा रातो भाले त छ नि कुखराको नाममा दुमो । हन, त्यो एउटालाई कति साह्रो तु आह... आह... तु आह... आह... कराको हाऊ ? जसकोमा कुखरा नै छैन, उसैको पो हल्ला ज्यादा छ त ! तिमीलाई चाहिँ केको पीर परेको नि ? न समयमा बस्छ, न समयमा नै घर पस्छ त्यो भाले । बरालिने खालको न बैंसा छ, न खास जीवन नै छ । बूढो बेकामे भाले, त्यसको के महत्त्व । कुकर ठिक पारिराख न बरु' भनेर कराइ पो दिएँ ।

साँच्चै अन्तरीलाई मनमा मेरो शब्द वाणले च्वास्सै परिहालेछ कि क्या हो ! गइन् भालेसाले छोडी हँसिया टिपेर बारीतिर । सधैं त अलिकति केही भनेछु भने रोटी जस्तै पुक्क फुलिएर कम्ती मुख चलाउँदिन थिइन् तर आज भने उनलाई पहिलाझैं आक्रामक देखिएन । उनी रिसाउँदा पनि पीर, नरिसाए पनि पीर । उनमा अचानक आएको परिवर्तनले उदेक लाग्यो मलाई त । नत्र उही हो खैलाबैला, डेक्ची हानाहान, भनाभन, खै केके भइसक्ने थियो नि !

केहीबेरपछि म फकाउने निहुँमा चिप्लो घस्दै उनको छेउ बारीमा पुगिहालें । उनी चुपचाप देख्दा बिच्केलिन् कि भन्दै उनलाई नम्र स्वरले उनको चुपचापपनलाई भ्रष्ट पारेर भने, 'औ, अन्तरी यसपालिचाहिँ कुखरा खोजेर हामी पनि लहलह पारौं है ल ! यसो कोइ बेला सिरुवा खानु पनि हुने', यति मात्रै भनिसकेँ, उसले स्वभाव देखाउनु थाली त हाल्यो ।

अन्तरीले भन्दै थिइन्, 'औ कान्छा, तल्लो घरको शकुन्तलाले कम्ती कुखुरा राखेको छ । तर नि त्यो महाको आरिसे पो छ त ! अस्ति हाम्रो भाले त्यसको कुखुराको हुलमा पसेछ, आबुई ! कस्तो जोडले खेदेको । मलाई पनि रिस उठिहाल्यो, भक्कु कराइ पो दिएँ, त्यहाँदेखिको बोलेको छैन मसँग त्यो ।'

फेरि भन्दै थिइन्, 'परको मइतेलाई हेर त-सुँगुर पालेर पराईले दुईटै छोरोलाई विदेश पठाएको कति भयो ? पैसा कमायो उसले । अब ढुक्क छ । मोटिएछ पनि । उसको स्वास्नीको गलामा हेर त सुनको हार कम्ती ठूलो छ ! पराई हातभरी पहेंलै परेछ । मसँग बात मार्दा त झन् औंठी लगाएकै हात पो बातबातमा हल्लाउँछिन् त पराई । तिमीले चाहिँ खोई मलाई नाकमा सानो ढुंग्री पनि बनाइदिनु सकेनौ हगि ? उहिलेदेखिको आजसम्म ल ल भन्दै अब यति धोखामै मरिने रहेछु म' भनेर उनले विश्वास मन बनाएर चुप हुन्छिन् ।

मलाई पनि विश्वास लागेर आयो । आखिर स्वास्नी भनेको जस्तै स्वाभवमा होस् दुःखसुखको साथी नै हुँदो रहेछ । साँच्चै त्यसलाई एउटा सानो ढुंग्री बनाइदिनु भनेको त्यतिकै भइराखेको छ । अब यो गाई पालेर सुन कमाउनु पनि नाप्पिस आफ्नै अनुहार लोपार्नु मन लाग्छ मलाई त ।

आफ्नु नभए पनि अरूकै विषयमा उसको गन्थन सुन्दासुन्दै बारी पनि सफा गरिसकेछौं हामी बुढाबुढीले । उतिबेला झमक्क रात हुन लागिसकेको थियो । उनी गइन् भान्साघरतिर बत्तिएर हतारसाथ । म लागें गाईलाई घाँस हाल्नु गोठतिर ।

बेलुकी गोठको काम सकेर हातमुख धोई एक क्षण आराम गरियो, त्यसपछि बेलुकीको खाना खाइवरी ओछ्यानमा ढल्किएँ । छातीभरिको दुःख, दिनभरको थकाइलाई बिँडीको धुवाँसँगै मुस्लो बनाएर मुखबाट फुकी पठाउँछु निरन्तर... ।

उनी भान्साघरको काम ठामठिम पारी ओछ्यानमा पसिन् । मेरो नजिक टाँसिएर उनले भन्दै थिइन्, 'औ कान्छा, यसपालि दसैंमा मलाई साडी किनिदेऊ ल !'


मैले भनेँ, 'ल ल, त्यो भैहाल्छ ।'

उनी खुशी भइन् र मलाई च्याप्पै समातेर अँगालेर म्वाइँ खाइन् । फेरि उनी भन्दै थिइन्, 'मलाई त नि माथिल्लो घरको मइतलीले लगाएको नीलो साडी खुब मनपरेको छ, त्यस्तै किनिदेऊ ल !'

मैले 'ल ल किनिदिन्छु' भनिदिएँ । उनले भन्दै थिइन्, 'पोहोर पनि कस्तो राम्रो कुर्ता लगाएकी थिइन् मैतालीले । तिमीले त मलाई त्यतिबेला पनि किनिदिएनौ नि !'

उनले अझै केके भन्दै थिइन् मलाई । तान्दै थिइन् मेरो पाखुरामा तर म भने साडीको दाम सम्झिँदै नै आँखामा नीलो साडीको दृश्य बटुल्दै दिनभरको कामले लखतरान परेर भुसुक्कै निदाइ पठाएछु ।

> उनी भान्सा घरको काम ठामठिम पारी ओछ्यानमा पसिन् । मेरो नजिक टाँसिएर उनले भन्दै थिइन्, "औ कान्छा, यसपालि दसैंमा मलाई साडी किनिदेऊ ल !" मैले भनें, "ल ल, त्यो भैहाल्छ ।" उनी खुशी भइन् र मलाई च्याप्पै समातेर अँगालेर म्वाइँ खाइन् ।



# पुजारी

लघुकथा



■ धनराज गिरी

देश दर्शनको क्रममा लहानको रमेश बर्मा पुग्यो । सुदूरपश्चिमको एउटा गाउँमा उसको फेसबुके साथी उमेश शर्मा फेला पऱ्यो । उमेशले त्यहाँको देवीको मन्दिर र पुजारीका बारेमा सुनायो । यसरी सुनायो कि ऊ सम्मोहित भयो र गयो मन्दिर अवलोकन गर्न ।

मन्दिरमा निकै भीड । बल्लबल्ल मौका पायो देवीको दर्शन गर्न र पुजारीलाई भेट्न । उसलाई देखेर पुजारी झस्कियो, अनुहारको रङ बदलियो । रमेशले थाहा पाएर पनि थाहा नपाएको अभिनय गऱ्यो । केही पनि भनेन ।

'उमेश, तिमीलाई पुजारीका बारेमा केही थाहा छ ?', बर्मा ।

'छैन त, हामीले वास्ता पनि गरेनौं । हरिद्वार पढेर आएको र कोही पनि नभएको टुहुरो रे भन्ने सुनेको, अझ बाल ब्रह्मचारी रे ! यहाँ पनि नारीहरूले असाध्यै मान्छन् । किन र साथी ?', शर्मा ।

'त्यत्तिकै, जान्न मन लाग्यो ।' भेद खोलेन, आवश्यक ठानेन ।

भोलिपल्ट रमेश एक्लै गयो । पुजारीले देख्यो । एकान्तमा बोलायो । कोठामा लग्यो । झ्याल-ढोका बन्द गरेर गिड्गिडायो, 'बर्माजी, जे हुनु भइसक्यो । मेरो यहाँ ठूलो इज्जत छ । मुख नखोल्नु होला । यो १० तोला हाटक र १५ लाख दिन्छु । मेरा लागि अर्थहीन । त्यो पापपछि आत्महत्या गर्न मन लागेको थियो । सकिनँ । यहाँ आएर यो काम गरेर प्रायश्चित गर्दै छु । विन्ती है !', पुजारी ।

'हुन्छ, ढुक्क हुनू । सबै पापीहरूले पाप पखाल्ने साबुन यही सुन र नगदनारायण हो । तिमी एक जना मात्र पापी भए पो यो दुनियाँमा । म बोल्दिनँ ।'

> 'हुन्छ, ढुक्क हुनू । सबै पापीहरूले पाप पखाल्ने साबुन यही सुन र नगदनारायण हो । तिमी एक जना मात्र पापी भए पो यो दुनियाँमा । म बोल्दिनँ'

झोलामा, भित्री गोप्य स्थानमा 'बम्पर' व्यवस्थापन गरेर टाप ! शर्मालाई पनि भेटेन ।

३० वर्षअघि उसकै गाउँमा, आफ्नै भाइ बुहारीलाई बालीको अवतार लिएर तारा बनाएको थियो त्यो पुजारीले । भाइ विदेश थियो । बुहारीले पुलिसमा नालिस हाली । ऊ गायब भयो । पत्नी मरेर विधुर थियो । सन्तान थिएनन् ।

'यो दुनियाँमा जे गर्छ, यही नगद नारायणले गर्ने रहेछ । यो यात्रा मेरा लागि पनि फलदायी भयो । अब अतीतमा गएको एउटा 'हादसा'लाई उजागर गरेर हुने के हो र ? ह्या, बुहारीको पनि उद्धार भयो, जेठाजुको ३ बिगाहा जमिन आफ्नो बनाई, जम्मै बेचेर अर्कोसित गई । मलाई के मतलब ?', यस्तै सोचेर घर फर्कियो ।

'पहाडको पुर्ख्यौली जमिन बेचेर आएँ', यति नाटक गऱ्यो ।

'साथी, म अचानक पत्नी बिरामी भएर फर्किएँ', उमेशलाई म्यासेज गऱ्यो ।

'पुजारीजी सोध्दै हुनुहुन्थ्यो', उत्तर आयो ।

'साह्रै सज्जन पुजारी, खुसी लाग्यो', उत्तर लेख्यो ।

'देवता नै !', उमेशको जवाफ । मरिमरी हाँस्यो रमेश, एक्लै ।

# समादरणीय सभा

लघुकथा



■ डा. टीकाराम पोखरेल

सभाहल भरिभराउ थियो ।

पूर्वसूचनाअनुसार कार्यक्रम सुरु हुन लाग्यो ।

सुरुमा विनम्र मन्चमा उक्ल्यो र सबैको ध्यानाकर्षण गराउँदै भन्यो, 'अब म विनम्रतापूर्वक कार्यक्रम संचालन गर्न गैरहेको छु ।'

यसपछि विनम्रले विनम्रतापूर्वक भन्यो, 'अब म कार्यक्रमको अध्यक्षताको आसन ग्रहण गरिदिनहुन समादरणीय फलानोज्यूलाई अनुरोध गर्दछु ।'

समादरणीय गएर सभापतिको आसन ग्रहण गरिसकेपछि विनम्रले भन्यो, 'अब म आजको कार्यक्रमका केन्द्रबिन्दु राजनेता फलानोलाई प्रमुख अतिथिको आसन ग्रहणका लागि अनुरोध गर्दछु ।'

यसपछि विनम्रले क्रमशः श्रद्धेय, आदरणीय, दूरदर्शी, भविष्यद्रष्टा, विद्वान् सबैलाई विनम्रतापूर्वक आसन ग्रहण गरायो ।

यसरी व्यस्तताका बाबजुद आजको कार्यक्रममा आएर आसनमा विराजमान भइदिएकामा विनम्रले राजनेता, श्रद्धेय, आदरणीय, श्रीमान्, प्रबुद्ध, दूरदर्शी, भविष्यद्रष्टा र विद्वानहरूप्रति आभार प्रकट गऱ्यो ।

विनम्रको अनुरोध मुताविक प्रमुख अतिथिले पानसमा बत्ती बालेर कार्यक्रम उद्घाटन गरे । त्यसपछि मन्चमा रहेका राजनेता फलानोदेखि लिएर श्रद्धेय, आदरणीय, श्रीमान्, प्रबुद्ध, दूरदर्शी, भविष्यद्रष्टा, विद्वान् र अन्त्यमा समादरणीय सबैले भाषण गरे ।

कार्यक्रमको अन्त्यतिर प्रमुख अतिथिको आसनबाट उठेर राजनेताले दमदार भाषण गरे । उनको भाषण सकिएपछि विनम्रले सारगर्भित भाषण गरेकामा राजनेताप्रति अभार व्यक्त गर्दै दर्शक दीर्घामा रहेका दर्शकलाई पनि ताली बजाउन अनुरोध गऱ्यो ।

तर, ताली बजेन ।

मन्चमा बसेकाहरूले दर्शक दीर्घामा हेरे । त्यहाँ कोही पनि थिएन ।

## कविता

# सपना र परिवेश



मोहनराज काफ्ले

म कल्पन्थें, म गम्थें
म सम्झन्थें, सोच्थें, कल्पना गर्थें
म मानव भएर जिउने अभिलाषा राख्थें
म मेरो परिवेश केलाउँथें
म सपना देख्थें, म गन्तव्य सोच्थें
मेरा पुर्खा र बराजुहरूको नियति सुन्थें
मेरा बाजे र बाका दुःख, कष्ट देख्थें
छिमेकीहरूमा पनि उस्तै पीडा पाउँथें
नदेखे पनि कथाका शहरसँग दाँज्थें
परदेशमा उन्नतिका हावा चलेको सुन्थें
त्यो हावा आँधी बनेर आओस् भनी चाहन्थें ।

के थियो र माध्यम त्यतिबेला
न कुनै विकास, न कुनै प्रविधि
थिए त केवल सुनेका कथा
कोमल दिमागले पढेका पाना
तर पनि मनले कल्पना गर्थ्यो
दिमागले उन्नत सपना देख्थ्यो
चौतारीहरूमा योजना बन्थ्यो
चिया पसलहरूमा विकासको बहस चल्थ्यो
यसै गरी गरी परिवर्तनको लहर चल्थ्यो ।

यस्तैमा पनि नगरेको त कहाँ हो र !
इतिहासलाई नखोतलेको कहाँ हो र !
बुनेका योजना थन्क्याएको पनि कहाँ हो र !
हाम्रा बाजे बराजुले पनि सोचेकै थिए
हामीले पनि कल्पेकै थियौं
कहिले सडक ततायौं, कहिले बिगुल घन्कायौं
कहिले लाठी भाला त कहिले राँको दन्कायौं
घरबार छाडेनौं कि दरबार घेरेनौं
सपनाको पहाड चढ्न केके गरेनौं
कयौं पर्खाल भत्काएकै हौं
कयौं दानव ढलाएकै हौं
पुराना दरबार भत्काएर
नयाँ दरबार बनाएकै हौं
सपना पूरा होला भनी
बेलाबेला रमाएकै हौं
विकासको आँधी ल्याउन भनी
नयाँनयाँ बाटो बनाएकै हौं ।

अब त कपाल फुलिसकेछ
तन, मन पनि गलिसकेछ
जेजे सपना देखिएको थियो
बीचबीचमा धेरै ढलिसकेछ
हिजो सँगै हिँडेको मूल बाटो
आज हाँगैहाँगामा फाटिसकेछ
सहयात्रीको गन्तव्य फरक भएपछि
मूल धामले नेटो काटिसकेछ ।

आज लाग्दै छ- कतै नयाँ घरबार ठडिने त होइन ?
पुराना ती दरबार सजिने त होइन ?
खोला तर्दै पुल काट्दा
भेल बाढीमा खसिने त होइन ?
जँघार तर्न नसकेर
बीच नदीमा फसिने त होइन ?
कालीगढमा एकता नभएर
सपनाको महल भत्कने त होइन ?

## गजल



रश्मि असफल

सधैँ दिलको महल झलमल गरी राख्नू
रहरलाई खुला आँचल गरी राख्नू ।

उधारो प्रेममा केको दिऊँ बैना ?
तयारी जित्न मन हरपल गरी राख्नू ।

धुवाँ उड्दा भन्यौ बादल अरूलाई
भए हिम्मत मलाई छल गरी राख्नू ।

प्रतीक्षामा भन्यो तटले नदीलाई
'कुरा गर्दै उतै अलमल गरी राख्नू ।'

तिमीलाई भयो बैंसालु यो जीवन
मलाई प्यारले पागल गरी राख्नू ।

मध्यान्ह
www.madhyanhadaily.com
गो.हु.का.द.नं. ३३/०६९/०७०
१५ मंसिर २०८१, शनिबार
30 November 2024, Saturday



# तबलामा चम्केका भुवन

**लक्ष्मण पोखरेल/मध्यान्ह**
काठमाडौं, १४ मंसिर ।

नेपाली सांगीतिक क्षेत्रमा आफ्नो कामबाट प्रसिद्धिको उचाइमा पुगेका एक प्रतिभा हुन्, भुवन गन्धर्व । पर्दा पछाडि बसेर काम गर्न रुचाउने गन्धर्व फ्रन्टमा देखापरेका कुनै हिरोहरूभन्दा कम छैनन् । छोटो समयमा उनले आफ्नो क्षेत्रमा नाम र दाम कमाइसकेका छन् ।

२०६४ सालदेखि उनी यस यस क्षेत्रमा तबला वादकको रूपमा प्रवेश गरेका हुन् । भुवनले २० हजारभन्दा बढी गीतहरूमा आफ्नो कला देखाइसकेका छन् । गन्धर्व परिवारमा जन्मेर तबला वादकका रूपमा परिचित हुने उनी एक मात्र कलाकार हुन् ।

सानैदेखि सांगीतिक माहोलमा हुर्केका भुवनका बुबा जंगबहादुर गर्न्धव लोकप्रिय गायक तथा सारंगी वादक थिए । भुवनलाई तबला वादकको रूपमा स्थापित गराउन सारंगी सम्राट पिता जंगबहादुरको ठूलो हात छ । लामो समय भारतको अल इन्डिया रेडियोमा काम गरेका जंगबहादुर त्यहाँको सांगीतिक माहोलबाट र भारतीय तबला वादकहरूको कामबाट निकै प्रभावित थिए । आफ्नो छोरा भुवनलाई त्यस्तै तबला वादक बनाउन चाहन्थे ।

बुबाको इच्छा, चाहना र घर परिवारको वातावरणले थप हौसला मिलेको उनी बताउँछन् । भन्छन्, 'घरमा हामी बाउछोराको सांगीतिक माहोल निकै जम्थ्यो । पिताजी सारंगी तारहरूमा खेल्नु हुन्थ्यो । म तबलामा रमाउँथे । किशोर कुमार, लता मंगेसकर र रफीका गीतहरू बढी गाइन्थ्यो ।'

त्यसो त भुवन सानो छँदा स्कुलका सांगीतिक कार्यक्रमहरूमा गीतहरू गाउने गर्थे । त्यस्ता कार्यक्रमहरूमा उनी धेरै पटक पुरस्कृत पनि भएका छन् । विद्यार्थी जीवनमा उनी गायकको रूपमा चिनिएका थिए । स्कुल स्तरीय कार्यक्रमहरूमा भाग लिन उनी दाङबाट विभिन्न ठाउँहरूमा पुग्थे ।

कान्तिपुर टेलिभिजनबाट प्रसारण हुने त्यो समयको लोकप्रिय कार्यक्रम मधुरिमा नेपालको, भोलिको नेपाल जस्ता कार्यक्रममा भाग लिएर पुरस्कारसमेत जितेका थिए । उनले २०६४ सालमा रेडियो नेपालबाट स्वर परीक्षा पास गरेका हुन् । उनी तबलाका अलावा मादल, ढोलक वादकको रूपमा पनि उत्तिकै चर्चित छन् ।

उनले कुमारसिंह महाराजलाई आदर्श मान्छन् । कुमारसिंह महाराजका चेलासमेत हुन् । उनलाई सांगीतिक क्षेत्रमा अघि बढ्न कुमारसिंह महाराजले ठूलो सहयोग गरेको बताउँछन् ।

भुवनले दिनेश काफ्लेको 'भन्नु नभा'को, आमा ! रातो चुरा, टीका, पोते किन नला'को ?' बोलको गीतमा पहिलो पटक तबलाको धून दिएका थिए । यो २०६० सालतिरको कुरा हो ।

त्यसपछि यो क्षेत्रमा उनलाई पछाडि फर्केर हेर्नुपरेको छैन । उनी भन्छन्, 'सारंगी नेपालको मौलिक बाजा हो । गन्धर्वहरूको पहिचान पनि हो । मेरो पिताजीले हजारौं नेपाली गीतहरूमा सारंगीको धून भर्नुभयो । जति सारंगी बजाउँदा मलाई सहज हुन्थो, तबलामा मैले त्यो सहजता पाइनँ । तर, आज तबलाबाट मैले जुन नाम र इज्जत पाएको छु, मेरा लागि त्यो नै ठूलो कुरा हो ।'

'सारंगी हामी गन्धर्वहरूको पहिचान हो भने तबला मेरो' भन्ने भुवनको भनाइ छ, 'म दुवैलाई उत्तिकै सम्मान र इज्जत गर्छु । सिंगो नेपाली संगीत मेरा लागि घर हो ।' तबला वादकको रूपमा उनी देशका कुना कन्दरादेखि विदेशका गल्लीगल्लीमा पुगेका छन् । भुवनले विभिन्न वरिष्ठ गायक, गायिका, संगीतकार, गीतकारहरूको एकल साँझमा आफ्नो कला प्रस्तुत गरिसकेका छन् ।

बरिष्ठ गायक दीप श्रेष्ठ एकल साँझदेखि लिएर रामकृष्ण ढकाल, सत्य-स्वरूप आचार्य, गीतकार यादव खरेल, संगीतकार शम्भुजित बाँस्कोटा, सुनौलो सांगीतिक साँझ (अनुराधा पौडवाल, संजीवनी, दीपानारायण झा), संगीतकार रनजित गजमेर, यात्रा (आशा भोस्ले, साधना सरगम), अन्जु पन्त एकल साँझ, संगीतकार दीपक जंगम, गायक नरेन्द्र प्यासी, बीबी अनुरागीलगायतका सांगीतिक साँझहरू रहेका छन् ।

नेपालको पहिलो राष्ट्रपति डा. रामवरण यादवको हातबाट राष्ट्रिय युवा पुरस्कारबाट सम्मानितसमेत भइसकेका भुवनलाई विभिन्न संघसंस्थाले नेपाली गीत, संगीतमा योगदान पुऱ्याएबापत सम्मान गरेका छन् । आधुनिक गीतदेखि लिएर लोक, पप, चलचित्र, भजन सबै प्रकारका गीतहरूमा भुवनको तबलाको जादू सुन्न सकिन्छ ।

पुराना पुस्ताका प्रेमध्वज प्रधान, दीप श्रेष्ठ, मधु क्षेत्री, बमबहादुर कार्की, प्रेमराजा महत, नारायण रायमाझी, न्ह्यु ब्रजाचार्य, अन्जु पन्त, सत्य-स्वरूप आचार्य, राजु सिंह, आलोक श्रीदेखि नयाँ पुस्ताका गायक, संगीतकार सबैका प्रिय छन् भुवन ।

## 'बाटो : रोड टु डेथ'

# विश्वका प्रमुख स्ट्रिमिङ प्लेटफर्महरूमा




**काठमाडौं/मस–** नेपाली चलचित्र क्षेत्रको विकास र अन्तर्राष्ट्रियकरणमा काठमाडौं फिल्म्सले अर्को कदम चालेको छ ।

आफ्ना उत्कृष्ट प्रोजेक्टहरूमार्फत विश्वभर नेपाली कथाहरू पुऱ्याउने लक्ष्यसहित अगाडि बढिरहेको कम्पनीले हालै आफ्नो चलचित्र 'बाटो : रोड टु डेथ'लाई विश्वका प्रमुख स्ट्रिमिङ प्लेटफर्महरूमा उपलब्ध गराएको छ । चलचित्र 'बाटो : रोड टु डेथ' नेपालमा गत ३२ जेठमा रिलिज भएको थियो ।

चलचित्र 'एमाजन प्राइम भिडियो,' 'ट्युबी,' र 'बुक माई शो स्ट्रिम'मा स्ट्रिमिङ सुरु भएको हो । 'एमाजन प्राइम भिडियो'मा युरोप र अमेरिकाका दर्शकहरूका लागि उपलब्ध छ भने निःशुल्क स्ट्रिमिङ सेवा प्रदान गर्ने 'ट्युबी'मा पनि युरोप र अमेरिकामा यो चलचित्र स्ट्रिमिङ भइरहेको छ ।

त्यस्तै, दक्षिण एसियामा लोकप्रिय प्लेटफर्म 'बुक माई शो स्ट्रिम'बाट भारतमा नेपाली भाषामा अंग्रेजी सबटाइटलसहित स्ट्रिमिङ भइरहेको छ ।

साथै, 'फ्युचर टीभी'लगायतका अन्य ओटीटीहरूमा विश्वव्यापी दर्शकहरूका लागि चाँडै यो प्लेटफर्ममा चलचित्र उपलब्ध हुने 'बाटो : रोड टु डेथ'का निर्माता तथा काठमाडौं फिल्म्सका संचालक चन्दन झाले बताए ।

'हामीले नेपाली चलचित्रलाई विश्वव्यापी बनाउन लामो समयदेखि काम गर्दै आएका छौं । २०० भन्दा बढी अन्तर्राष्ट्रिय प्रोजेक्टहरूमा काम गरिसकेपछि नेपाली चलचित्रको गुणस्तर र पहुँच बढाउन केही योगदान गर्नुपर्छ भन्ने महसुस भएपछि 'बाटो : रोड टु डेथ' चलचित्र बनाएका थियौं । विविध कारणले नेपाली बक्स अफिसमा धेरै सफल नभए पनि यो चलचित्रमार्फत अन्तर्राष्ट्रिय बजारका विभिन्न सम्भावनाहरूलाई खोज्ने कार्य गरेका छौं', निर्माता झाले भने ।

यस चलचित्रलाई अन्तर्राष्ट्रिय बजारमा लैजान माउन्टेन रिभर फिल्म्सले प्रतिनिधि भूमिका निभाएको निर्माता झाले बताए । काठमाडौं फिल्म्सले निकट भविष्यमा लगातार नेपाली चलचित्रहरू बनाउने र विश्वव्यापी वितरण योजनाहरूमा काम गरिरहेको उनले बताए ।

काठमाडौं फिल्म्सको ब्यानरमा चन्दन झाले निर्माण गरेको 'बाटो : रोड टु डेथ'का निर्देशक, लेखक तथा सम्पादक मदन थापा हुन् । दक्षिण भारतीय चलचित्र उद्योगको अनुभवलाई लिएर नेपाली चलचित्र बनाएका मदनले यस चलचित्रमा अब्बल काम देखाएका छन् ।

यस चलचित्रमा मिथिला शर्मा, आशान्त शर्मा, सुलक्षण भारती, रक्षा थापा, उत्पल झा, पशुपति राई, राजेन थापा, आभास अधिकारी, किरण शाही, गणेश उपाध्यायलगायतको अभिनय छ ।

# 'धरोधर्म सत्य' सार्वजनिक



**काठमाडौं/मस–** म्युजिक भिडियो निर्देशनमा निरन्तर लागिरहेकी बबिता श्रेष्ठ 'मलेकु' निर्देशित पछिल्लो भिडियो 'धरोधर्म सत्य' सार्वजनिक भएको छ । गीतमा शब्द नवराज भुमरी आचार्य र संगीत सीडी विजय अधिकारीको छ । गीतमा सीडी विजय अधिकारी र गायिका पल्मु शेर्पाको स्वर छ ।

रोमान्टिक शैलिको गीतमा मनीषा राई, दीपा तामाङ, कृष्ण जोशी, पुष्कर खत्रीले पनि स्वर दिएका छन् । भिडियोमा विमल अधिकारी र शिल्पा पोखरेललाई फिचरिङ गरिएको छ ।

भिडियो उत्तम हुमगाईंले खिचेका हुन् भने सम्पादन कल्पेश विश्वकर्माले गरेका हुन् । भिडियो गायिका पल्मु शेर्पाको अफिसियल युट्युब च्यानलमा हेर्न सकिन्छ ।

# 'मानवअधिकार अन्तर्राष्ट्रिय चलचित्र महोत्सव' हुने




**काठमाडौं/मस–** नेपाल मानवअधिकार अन्तर्राष्ट्रिय चलचित्र महोत्सवको 'लाइनअप' सार्वजनिक गरिएको छ । बाह्रौं संस्करणको महोत्सव आगामी २४ देखि २७ मंसिरसम्म चल्ने र नेपालसहित २३ देशका ४७ चलचित्र छनोटमा भएको महोत्सवका निर्देशक पाण्डव खत्रीले जानकारी दिए ।

'यस पटकको संस्करणमा अन्तर्राष्ट्रियस्तरमा ख्यातिप्राप्त चलचित्रसमेत सहभागी हुन आएका छन् । मानवअधिकारसँग सम्बन्धित चलचित्रको प्रवर्द्धन र प्रदर्शनका लागि नियमित रूपमा महोत्सव गर्दै आएका छौं', निर्देशक खत्रीले भने । उनले 'अल वी इमाजिन एज लाइट', 'द म्यान हु कुड्नट रिमेन्न साइलेन्स', 'एन आउटरन', 'अनार दाना', 'ओटिट'लगायत चलचित्रको सहभागिताले महोत्सवको रौनक बढाउने बताए ।

सन् २००९ मा स्थापना भएको मानवअधिकार चलचित्र केन्द्रको आयोजनामा हुन लागेको महोत्सवमा मानवअधिकार पैरवीका लागि विभिन्न अन्तरक्रिया तथा गोष्ठी संचालन हुने बताइएको छ । महोत्सव काठमाडौंस्थित चलचित्र विकास बोर्ड र नेपाल पर्यटन बोर्डको सभाहलमा संचालन हुने निर्देशक खत्रीले जानकारी दिए ।

# जनकले ल्याए 'मुखले तिमी बोलिनौ'




**काठमाडौं/मस–** जनक रावल र विमला रिजालको स्वरमा रहेको गीत 'मुखले तिमी बोलिनौ' सार्वजनिक भएको छ । केही समय पहिले 'खाटा बसेको घाउ' कथासंग्रह पाठकमाझ पस्किएर लोकप्रिता हासिल गरेका स्रष्टा जनक रावलको शब्द, संगीत रहेको छ । गीतको भिडियोमा विकास लामिछाने र अञ्जु चौलागाईंको अभिनय छ । सन्दीप कार्कीको एरेन्ज, विशन मानन्धरको मिक्सिङ र मास्टरिङ रहेको गीतको भिडियो मुकेश नेपालीले निर्देशन गरेका हुन् ।

# प्रतीक्षाले ल्याइन् 'हेरें सानुलाई'




**काठमाडौं/मस–** पछिल्लो समयकी व्यस्त अनि चर्चित मोडल/कलाकार प्रतीक्षा काफ्ले र जीवन आचार्य अभिनीत नयाँ गीत 'हेरें सानुलाई'को म्युजिक भिडियो सार्वजनिक भएको छ । उर्मिला बस्नेत र कृष्ण भट्टराईको स्वर रहेको उक्त गीतको म्युजिक भिडियो गायिका बस्नेतको युट्युब च्यानल 'यूआर म्युजिक'को प्रस्तुतिमा सार्वजनिक गरिएको हो ।

शंकर अधिकारी 'घायल' गीतकार तथा निर्देशक रहेको सो गीतमा विकास चौधरीको संगीत, सञ्जय हमालको एरेन्ज, गोविन्द सोनीको मिक्सिङ मास्टरिङ, अजय अधिकारीको रेकर्डिङ, विमल ढकालको छायांकन, राजन महर्जनको कोरियोग्राफी, ललितसिंह साउदको सम्पादन र मदन न्यौपानेको मेकअप छ ।

तिम्रो आकर्षणले..., आँखामा निँद..., नघोच यो छाती..., तिमीलाई नै...लगायत २ दर्जनभन्दा बढी म्युजिक भिडियो, दर्जनौं ऱ्याप शो, टीभी सिरियल र टेलिचलचित्रहरूमा अभिनय गरिसकेकी काफ्लेको यो हावा चञ्चल हुन्छ..., खतरा होला नि..., मायाले... आदि आधा दर्जनभन्दा बढी गीतहरू सार्वजनिक हुने तयारीमा छन् ।

राष्ट्रिय अर्थतन्त्रमा योगदान बढाऔं

- स्थानीय स्रोत र साधन परिचालन गरी उत्पादन बढाऔं,
- आर्थिकरूपमा सक्षम बनौं, राष्ट्रिय पूँजी निर्माणमा योगदान पुऱ्याऔं,
- देखासिकी नगरौं, आफ्नो आर्थिक क्षमताको पहिचान गरौं,
- मितव्यायी बनौं, फजुल खर्च नगरौं,
- विलासिताका वस्तु तथा सेवाको अनावश्यक उपयोगलाई निरुत्साहित गरौं,
- अनावश्यक खर्च घटाएर बचत गर्ने बानीको विकास गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**